मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक ३२२ ● २०८२ साल कार्तिक १५ गते शनिबार ● Saturday 01, November 2025 ● सूर्योदयः बिहान ०६:१५ बजे ● सूर्यास्तः साँझ ५:२२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशमा खास समस्या देखिएको छैन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले बिहीबार र शुक्रबारको वर्षाले मधेशको जनजीवन प्रभावित भए पनि राहत र उद्धारसम्मको अवस्था नरहेको बताएका छन् । उनले वर्षाले तापक्रम कम भएर जाडो महसुस भइरहँदा नदीनालाको सतह नबढेकाले कुनै अप्रिय घटना नभएको बताए । मधेशदृष्टिसँगको कुराकानीमा उनले भने, 'अहिलेसम्म कुनै अप्रिय घटना भएको छैन, किसानको खेतका बाली डुबानमा परेको छ, नदी नाला सामान्य नै भएकाले जनजीवन अति प्रभावित छैन ।' उनले प्रदेश सरकारको तयारीबमोजिम मधेशका कुनै पनि जिल्लामा अप्रिय घटना भए राहत तथा उद्धारका लागि प्रहरी प्रतिवद्ध र तयारी अवस्थामा रहेको बताए ।

# वर्षाले धान भित्र्याउन समस्या



**मधेशदृष्टि**
**रौतहट ।**
लगातार परेको वर्षाले मधेश प्रदेशका किसान सबैभन्दा बढी मारमा परेका छन् । किसानले धान भित्र्याउन पाएका छैनन् भने अन्य खेती पनि वर्षाले प्रभावित भएको छ ।

रोपाइँका बेला पानी नहुने र पाकेको धान भित्र्याउने बेला पानीले धान डुब्ने समस्याले किसान दोहोरो मारमा परेका छन् । योसँगै मकै र मुसुरो रोप्ने बेला परेको वर्षाले दुवै खेतीका लागि पनि समय प्रतिकुल बनेको छ ।

लगातार परिरहेको झरीका कारण मधेशभरको जनजीवन प्रभावित बनेको छ । बुधबार रातिदेखि शुरु भएको वर्षा रोकिएको छैन । वर्षाका कारण रौतहटको जनजीवन पनि अस्तव्यस्त बनेको छ । निरन्तर परिरहेको झरीले सर्वसाधारण घरबाट बाहिर निस्कनसमेत समस्या भएको छ ।

दैनिक आवश्यक सामग्री खरिद, विद्यालय सञ्चालन र सवारी आवागमन ठप्पजस्तै बनेको छ । वर्षाका कारण पशु चौपायाका लागि दाना–पानीको जोहो गर्न पनि स्थानीयवासीलाई समस्या भएको छ ।

यता धान भित्र्याउने बेलाम परेको झरीले रौतहटका किसान थप चिन्तित बनेका छन् । खडेरीको मार सहेर धान रोपेका किसान अहिले धान पाकेपछि भित्र्याउने क्रममा रहेका बेला लगातार वर्षा भएपछि चिन्तामा परेका हुन् । खेतमै पाकिसकेको धान पानीमा भिज्ने, दौनी गर्न कठिनाइ हुने र गुणस्तर घट्ने डर बढेको किसानको भनाइ छ ।

वृन्दावन नगरपालिका–१ का किसान बेच्न राउतले भने, 'धान काट्ने र घर ल्याउने बेला पानी पर्नाले खेतमै धान बिग्रने डर छ । दुई दिनमै यस्तो पानी परेपछि धान बचाउन सक्ने अवस्था छैन ।'

त्यस्तै, चन्द्रपुर नगरपालिका–९ का किसान कुमार गौतमका अनुसार धान भित्र्याउने तयारीमै निरन्तर झरी पर्न थालेपछि किसानको मिहिनेत खेर जाने चिन्ता बढेको छ । 'गोरखनाथ, बिजी, कतर्नी, चन्दन पचासी जस्ता जातका धान भित्र्याउने बेला नै पानी प¥यो,' उनले भने, 'अब खेतमै धान कुहिने डर छ ।' कृषि ज्ञान केन्द्र रौतहटका सूचना अधिकारी सरोज मण्डलका अनुसार हालसम्म कति क्षेत्रफलमा धान काटिएको वा पानीले प्रभावित भएको विवरण प्राप्त नभएको बताए । 'विवरण सङ्कलन कार्य शुरु गरिएको छ,' उनले जानकारी दिए ।

उनले थपे, 'तीन–चार दिनअघि नै मौसम खराब हुने पूर्वानुमानसहित किसानलाई धान नकाट्न सूचना जारी गरिएको थियो, तर कतिपय किसानले त्यही समयमा काटेका कारण अब समस्या भएको छ ।' वर्षा रोकिएर मौसम सुधार नहुँदासम्म किसानले धान भित्र्याउने कार्य स्थगित गर्न बाध्य हुनु परेको हो । निरन्तर झरी यस्तै रहने हो भने यस वर्ष किसानलाई थप आर्थिक क्षति हुने सम्भावना देखिएको छ ।

**मुसुरो र मकै खेती प्रभावित**

धान भित्र्याएर मुसुरो र मकै रोप्ने मौसममा वर्षा भएपछि किसानलाई थप समस्या भएको छ । यतिखेर मुसुरो र मकै रोप्नु पर्नेमा खेत ओसिलो र हिलो भएपछि मुसुरो र मकैका लागि सुहाउँदो माटो नभएको किसानको तर्क छ । मुसुरो र मकै रोप्न अब केही दिन कुर्नु पर्ने भएको छ ।

***वर्षाले मधेशका किसान प्रभावित, थप समाचार पृष्ठ ३ मा***

# सप्तरीमा १४३ मिलिमिटर वर्षा

**मधेशदृष्टि**
**राजविराज ।**
मोन्था चक्रवातका कारण मौसम बदली हुँदा पछिल्लो २४ घण्टामा मोरङको सुन्दर हरैँचामा सबैभन्दा बढी २ सय १० मिलिमिटर वर्षा भएको छ । अभिलेखअनुसार सप्तरीको बरमजियामा १ सय ४३ मिलिमिटर वर्षा भएको छ । मोन्था चक्रवातको असर मधेश प्रदेश र कोशी प्रदेशमा बढी परेको जल तथा मौसम विज्ञान विभागका सूचना अधिकारी दिनकर कायस्थले बताए ।

यद्यपि बागमतीलगायत प्रदेशमा पनि असर रहँदा बदली र वर्षा भइरहेको छ । उनका अनुसार यो भारी वर्षा हो । दुई सय मिलिमिटर वर्षा नाघेमा अति धेरै भारी वर्षाको सूचीमा राखिन्छ । सूचना अधिकारी कायस्थका अनुसार पछिल्लो २४ घण्टामा धेरै जिल्लामा भारी वर्षा भएको छ । झापा र उदयपुरमा ९३.६ र ९७.६ मिलिमिटर वर्षा भएको छ । दुई दर्जन बढी वर्षा मापन केन्द्रमा ५० देखि ८० मिलिमिटरको बीचमा वर्षा भएको छ ।

ललितपुरमा ७२ र काठमाडौँमा ४० मिलिमिटर वर्षा भएको छ । बङ्गालको खाडीमा विकसित भएको चक्रवात 'मोन्था' हाल भारतको मध्य प्रदेश आसपासमा न्यूनचापीय क्षेत्रका रुपमा रहेको र सो प्रणालीको कारणले शुक्रबार साँझसम्मै प्रभावित हुने सूचना अधिकारी कायस्थले जानकारी दिए । त्यसपछि भने सुधार हुँदै जानेछ । नेपालमा हाल पश्चिमी वायु र अरब सागरमा बनेको न्यूनचापीय प्रणालीको पनि आंशिक प्रभाव छ ।

हाल देशभर साधारणतयादेखि अधिकांश बदली रहेको छ । कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका धेरै स्थानमा, लुम्बिनी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ भने कतै धेरै भारी वर्षा भएको छ ।

# तीन ठूला उद्योगले तिरे विद्युत् महसुल

**मधेशदृष्टि**
**बारा ।**
बारामा डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत विद्युत् उपभोग गर्ने ठूला उद्योगहरूमध्ये तीन उद्योगले महसुल तिरेका छन्, तर जगदम्बा स्टिलले भने महसुल भुक्तानमा आनाकानी गरेको छ । नेपाल विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रका अनुसार हुलास स्टिल, अशोक स्टिल र हामा आइरनले असोज ३० गतेदेखि किस्ताबन्दीमा महसुल बुझाउन शुरु गरेका छन् । जगदम्बा स्टिलले बक्यौता रकम बुझाउन आलटाल गरेपछि कात्तिक ४ गते ६६ हजार केभी विद्युत् लाइन काटिएको प्राधिकरणले जनाएको छ ।

२०७२ पुसदेखि २०७५ पुससम्मको अवधिका लागि जगदम्बा स्टिलले १ अर्ब ६० करोड रुपैयाँ महसुल तिर्न बाँकी छ । प्राधिकरणका सिमरा वितरण केन्द्र प्रमुख इन्जिनियर रुमेश रुपाखेतीका अनुसार, डेडिकेटेड र ट्रंकलाइन प्रयोग गर्ने पाँच उद्योगमध्ये सूर्य नेपालले सबै महसुल बुझाइसकेको छ र अन्य तीन उद्योगले पहिलो किस्ता बुझाएका छन् । तर जगदम्बा स्टिल सम्पर्कमै नआएपछि लाइन काट्नुपरेको बताइएको छ ।

विद्युत् काटिएपछि उद्योगभित्रका ठूला फलाम पगाल्ने भट्टी बन्द भएका छन् । तथापि, मजदुर युनियनका अनुसार ११ हजार केभी र साना लाइनबाट करिब ३० देखि ४० प्रतिशत उद्योग सञ्चालनमा रहेको छ ।

जगदम्बा स्टिल मजदुर युनियनका सचिव दीपक कार्कीले उद्योग प्रशासनले महसुल विवादलाई जानाजान बल्झाएको आरोप लगाए । उनले राज्यलाई दबाब दिन मजदुर कटौतीको धम्की दिनु गलत भएको बताए ।

उद्योगमा करिब २ हजारभन्दा बढी मजदुर तथा कर्मचारी कार्यरत छन् । मजदुर युनियनले विद्युत् महसुलको विवाद उद्योग र सरकारबीचको विषय भएको भन्दै मजदुरको रोजीरोटीमा असर पार्न नहुने चेतावनी दिएको छ ।

यसैबीच, प्राधिकरणका अनुसार २८ किस्तामा भुक्तानी गर्ने सहमति अनुसार जगदम्बा स्टिलले पहिलो किस्ताबापत करिब ५ करोड ७५ लाख रुपैयाँ बुझाउनुपर्ने छ । तर विद्युत् कटिएको १० दिनसम्म पनि उद्योग प्रशासनले कुनै चासो नदेखाएको जनाइएको छ । उद्योगका मानव संशाधन प्रमुख अनिल गजुरेलले उत्पादन रोकिएको र मर्मत–सम्भार तथा सरसफाइको काम मात्रै भइरहेको बताए ।

# भ्रष्टाचारविरुद्ध आवाज उठाउँदा दुई युवा गिरफ्तार




**मधेशदृष्टि**
**बारा ।**
आदर्श कोतवाल गाउँपालिका–१ चिउटाहाका सामाजिक अभियन्ता प्रदीप कुशवाहा र डीके सिंहलाई प्रहरीले गिरफ्तार गरेपछि स्थानीय नागरिक समाजले आपत्ति जनाएका छन् । दुवैलाई इलाका प्रहरी कार्यालय महेन्द्र आदर्शका प्रहरीले वार्ताका लागि बोलाएर पक्राउ गरेको बताइएको छ । उनीहरू गाउँपालिकामा देखिएको भ्रष्टाचार र अनियमितताविरुद्ध लामो समयदेखि आवाज उठाउनेमा पर्छन् ।

स्थानीयका अनुसार, गाउँपालिका प्रमुखकै इशारामा प्रहरीले दमनकारी शैलीमा गिरफ्तारी गरेको दाबी गर्दै तत्काल विनाशर्त रिहाइ माग भएको छ । 'गाउँमा भ्रष्टाचारको विरोध गर्ने युवालाई फसाउनु प्रहरीको कायरता हो,' एक अभियन्ताले प्रतिक्रिया दिए । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार, गाउँपालिकामा भएको आगजनी घटनाको छानबिनका लागि उनीहरूलाई नियन्त्रणमा लिइएको हो । प्रहरी स्रोतका अनुसार, यसअघि कुशवाहा र अन्य युवाले गाउँपालिकामा अनिश्चितकालीन तालाबन्दी गरेका थिए । थप अनुसन्धानका लागि उनीहरूलाई जिल्ला प्रहरी कार्यालय बारामा ल्याई म्याद थप प्रक्रिया अघि बढाइएको हो । प्रहरी स्रोतका अनुसार, जिल्ला सरकारी वकिलको कार्यालयमा पेश गरी कानूनी प्रक्रिया अगाडि बढाइने तयारी गरिएको छ । बारा प्रहरीले थप ५ दिन सरकारी वकिल कार्यालयबाट म्याद थपेर अनुसन्धान गरिरहेको छ ।

# 'माधव नेपाल राजनीतिक रूपमा भ्रष्ट'



**मधेशदृष्टि**
**बारा ।**
नेकपा एकीकृत समाजवादीका नेता एवम् प्रतिनिध सभाका निवर्तमान सांसद किसानकुमार श्रेष्ठले पार्टी अध्यक्ष माधवकुमार नेपाल राजनीतिक रूपमा भ्रष्ट रहेको आरोप लगाएका छन् । माओवादी केन्द्रसँग पार्टी एकताको तयारी गरिरहँदासमेत पार्टी कमिटीलाई आफ्नो पक्षमा पार्न मनोनीत गरिरहेका भन्दै त्यसप्रति आफ्नो आपत्ति रहेको उनले बताए ।

'अध्यक्ष माधवकुमार नेपाल आर्थिक रूपमा भ्रष्टाचारी छैनन् जस्तो लाग्छ । म ठोकुवा गर्न सक्दिनँ तर राजनीतिक भ्रष्टाचारी चाहिँ हो मेरो पार्टी अध्यक्ष,' उनले भने । २०७८ सालमा नेकपा एमालेबाट विद्रोह गरेको र त्यसलाई स्वर्ण अक्षरले लेख्ने भनेर कलम चिह्न लिएर हिँडेको उनले बताए ।

'आज कलमको निब होइन, कलम नै भाँच्न खोज्दै हुनुहुन्छ माधवकुमार नेपाल । केपी ओलीको दम्भ, तानाशाही चरित्र, एकांगी पारा ठीक भएन भनेर हामीले विद्रोह गऱ्यौँ । केपी ओलीको बाबु होइन, हजुरबाबु पो रहेछन् माधवकुमार नेपाल !,' उनले भने, 'चाकडी गर्ने सचिवालयमा परेका छन् । चुनाव हारेकाहरूको सचिवालयमा बोलवाला छ । चुनाव हारेकाजति सबैलाई स्थायी कमिटीमा लगिएको छ । पोलिटब्युरो र केन्द्रीय सदस्यमा मनोनीत भइरहेको छ । यसप्रति मेरो घोर आपत्ति छ । माओवादीसँग एकता गर्ने बेला किन मनोनीत गर्नुप¥यो ? यसको अर्थ के छ ?'

उनले जेन्जी आन्दोलनको मर्मअनुसार पार्टीको नेतृत्व फेर्न अपरिहार्य रहेको तर फेर्न सक्ने स्थिति नरहेको बताए ।

# छठमा विष हालेर २५ क्विन्टल माछा मारियो ?

**मधेशदृष्टि**
**सिरहा ।**
धार्मिक पर्व छठको अवसरमा श्रद्धा, भक्ति र सफाइको वातावरणमा खलल पार्दै अज्ञात व्यक्तिले सिरहा नगरपालिका–१५ माडरस्थित काली मन्दिर सार्वजनिक पोखरीमा विष हालेर करिब २५ क्विन्टल माछा मारेको पाइएको छ । घटनाले स्थानीय समुदाय र माछापालन व्यवसायीमा तीव्र आक्रोश फैलिएको छ ।

पोखरीमा सिरहा नगरपालिका–१५ का दिलीप कुमार सहनीले ठेक्कामा लिएर माछापालन गर्दै आएका थिए । नगरपालिकासँगको औपचारिक सम्झौतामा उनले ठेक्का शुल्क बुझाएर व्यवस्थित रूपमा माछा उत्पादन गर्दै आएका थिए । तर, छठ पर्वकै दिन बिहान सबेरै, छठघाट सरसफाइको मौका छोपी अज्ञात व्यक्तिले पोखरीमा विष हालिदिएपछि सबै माछा मरेको हो ।

सहनीका अनुसार, 'पोखरीमा साढे दुई टनभन्दा बढी माछा थिए, जसको बजार मूल्य करिब ७ लाख ५० हजार रुपैयाँ थियो । तर, विषका कारण पूरै नष्ट भयो । यस्तो क्रूर कार्य धार्मिक पर्वकै अवसरमा हुनु अत्यन्तै दुःखद र आपत्तिजनक छ,' उनले बताए ।

घटनापछि स्थानीयले कडा विरोध जनाएका छन् । उनीहरूले छठ पर्वको पवित्रता र सामाजिक सद्भावमा चोट पु¥याउने गरी गरिएको यस कार्यको गम्भीर छानबिन र दोषीलाई कठोर कारबाहीको माग गरेका छन् ।

# विवाह पञ्चमी महोत्सवको तयारी शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रत्येक वर्ष जनकपुरधाममा धुमधामका साथ सप्ताहव्यापी रुपमा मनाइने श्रीसीताराम विवाह पञ्चमी महोत्सवको तयारी शुरु भएको छ । मङ्सिर ९ गतेबाट मनाइने विवाह पञ्चमी महोत्सवको तयारीका विषयमा शुक्रबार जानकी मन्दिरको शिशमहलमा सर्वपक्षीय बैठक भएको छ । मन्दिरका मूल महन्थ राम तपेश्वर दास वैष्णवको अगुवाइमा सम्पन्न भएको बैठकले यस वर्षको विवाहपञ्चमीलाई भव्य र सभ्य रुपमा मनाउने निर्णय भएको हो ।

बैठकमा जानकी मन्दिरका मूल महन्थ दासले विवाह पञ्चमीमा भारत तथा नेपालका विभिन्न स्थानबाट साधु सन्त, महन्थ सहितका पाहुनाहरू आउने भएकाले नगरवासीलाई सरसफाइमा ध्यान दिनका लागि आग्रह गर्दै विवाह पञ्चमी महामहोत्सव सबै जनकपुरधाम बासीको साझा धरोहर भएकाले सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

विवाह पञ्चमी महोत्सवलाई भव्यता प्रदान गर्नका लागि विभिन्न उपसमितिहरू गठन गरिएको छ । वैठकले शान्ति सुरक्षा, प्रचार–प्रसार, बजार व्यवस्थापन, रंगभूमीमा गेट पण्डाल व्यवस्था, यातायात, ट्राफिक तथा स्वास्थ्य उपचार जस्ता विभिन्न विषयमा अलग–अलग उपसमितिहरू बनाइएको छ । सर्वपक्षीय बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहाल, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी उपरीक्षक रुगम बहादुर कुँवर, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् अध्यक्ष शीतल प्रसाद साह, जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सूर्य बहादुर शाही, नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रका प्रमुख सुनिल कुमार महतो लगायतको उपस्थिति थियो ।

यस वर्षको श्रीसीताराम विवाह पञ्चमी महोत्सव अन्तर्गत मङ्सिर ४ गते नगर दर्शन, मङ्सिर ५ गते फूलबारी लीला, मङ्सिर ६ गते धनुषयज्ञ, मङ्सिर ७ गते तिलकोत्सव, मङ्सिर ८ गते मटकोर, मङ्सिर ९ गते स्वयमवर तथा शुभ विवाह महोत्सव र मङ्सिर १० गते रामकलेवा हुने भएको छ ।

यस क्षेत्रकै ठूलो धार्मिक र सांस्कृतिक पर्व विवाहपञ्चमीलाई महामहोत्सवका रुपमा यस क्षेत्रको धार्मिक तथा संस्कृति पर्यटनसँग जोडेर विकास गर्न सके प्रयास गरिने बताइएको छ ।

# मतदाता नामावली सङ्कलनमा चाप कायमै

**काठमाडौं ।**
आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गरी निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा उत्साहजनक सहभागिता देखिएको छ ।

आयोगका सातवटै प्रदेश र ७० वटै जिल्ला निर्वाचन कार्यालयबाट हरेक दिन बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म मतदाता नामावली सङ्कलन तथा अद्यावधिक भइरहेको आयोगले जनाएको छ । यस कार्यमा विगतमा मतदाता नामावलीमा नाम दर्ता भएका नेपाली नागरिकको चाप देखिएको आयोगका प्रवक्ता नारयणप्रसाद भट्टराईले जानकारी दिए ।

आयोगले गत असोज ९ गतेदेखि नामावली सङ्कलन गरेकामा यसबीचमा हालसम्म ९० हजार ३२ नागरिले नाम दर्ता गराएका छन् । आयोगको अनुमानमा सङ्कलनको अवधि यही कात्तिक ३० गतेसम्ममा यो संख्या थप एक लाख बढ्न सक्ने देखिएको छ ।

यही कात्तिक १७ गतेका लागि तोकिएको रूपन्देही क्षेत्र ३ को प्रतिनिधिसभा सदस्यको उपनिर्वाचन प्रतिनिधिसभाको नयाँ निर्वाचन मिति तोकिएपछि उपनिर्वाचनका कार्यक्रम रद्द भएको थियो । उक्त उपनिर्वाचन हुने भनिएको अघिल्लो दिन कात्तिक १६ गतेसम्म १८ वर्ष पूरा भएका मतदाताको संख्या एक करोड ८१ लाख ६८ हजार दुई सय ३० रहेको थियो । अहिले नाम दर्ता गर्ने नागरिकले मताधिकार प्रयोग गर्न निर्वाचन हुने अघिल्लो दिन आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा भएको हुनुपर्नेछ । मतदाता नामावली दर्ता गर्न भने १६ वर्ष उमेर पुगेपछि मिल्नेछ ।



नाम दर्ता गर्न सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको मतदाता नामावली दर्ता स्थलमा नेपाली नागरिकताको प्रमाणपत्रका साथ सम्बन्धित व्यक्ति उपस्थित भई जैविक विवरण (बायोम्याट्रिक) दिनुपर्छ । यसरी विवरण दिने समय लिनका लागि अनलाइन माध्यमबाट प्रि–रजिष्ट्रेसन (पूर्वदर्ता) पनि गराउन सकिन्छ । नागरिकले नागरिकताको प्रमाणपत्रमा रहेकोभन्दा भिन्नै ठेगानामा हाल स्थायी बसोबास गरेको भए नागरिकता प्रमाणपत्रको अतिरिक्त बसाइँसराइका प्रमाणपत्र वा विवाह गरी हालको स्थायी ठेगानामा आएको हकमा विवाह दर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ । नामावली सङ्कलनका क्रममा विगतमा भएको नामावलीमा त्रुटि सच्याउने, नाम सार्ने, नाम हटाउने, दाबी विरोध गर्ने र नयाँ नाम थप गर्नेलगायतका कार्यहरू हुँदै आएको छ ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटन भएको थियो । सरकारले प्रतिनिधिसभाको निर्वाचनको वातावरण बनाउन राजनीतिक दल, जेन्जी समूहरु, निर्वाचन आयोग र सुरक्षा निकायसँग निरन्तर संवाद गर्दै आएको छ । जिल्ला निर्वाचन कार्यालय भक्तपुरमा एक महिनामा तीन हजार ४४८ मतदाता थपिएका छन् । सरकारले आगामी फागुन २१ गते घोषणा गरेको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी मतदाता नामवाली दर्ताको आह्वान गरेपछि जिल्लामा मतदाता नामावली दर्ता गर्ने युवापुस्ता बढेका हुन् । निर्वाचन आयोगले गत असोज १० गतेदेखि १६ वर्ष उमेर पुगेका नेपाली नगरिकता प्राप्त व्यक्तिलाई मतदाता नामावलीमा नाम दर्ता गर्न आह्वान गरेपछि अहिले १८ वर्षदेखि २५ वर्ष उमेर समूहका दैनिक दुई सय ५० देखि तीन सय जनासम्म नाम दर्ता गराउन आउने गरेका कार्यालयले जनाएको छ ।जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी भीमबहादुर बिसीले असोज १० गतेदेखि सुरु भएको नयाँ मतदाता नामावली सङ्कलनमा आजसम्म तीन हजार ४४८ जनाले नाम दर्ता गराएका जानकारी दिए । उनका अनुसार जिल्लाभित्रका पुरुष एक हजार १३ र महिला नौ सय ५४ तथा बाह्य जिल्लाबाट बसाइँ सरी आएका एक हजार ४८१ जनाले मतादाता नामावलीमा नाम दर्ता गराएका छन् ।

सूचना अधिकारी बिसीले भक्तपुरमा अहिलेसम्म कुल एक लाख ९३ हजार ४८२ जना मतदाता कायम रहेका जानकारी दिए । उनले सरकारले नयाँ नामावली दर्तासँगै सच्याउने, दोहोरो नाम हटाउने, ठाउँसारी गर्नेलगायत कार्यका लागि यही कात्तिक ३० गतेसम्मको समयसीमा निर्धारण गरेकाले अझै मतदाताको संख्या वृद्धि हुने उनले बताए ।रासस

# 'हिडन भ्याली' मा फसेका १५ जना पर्यटकको उद्धार

**म्याग्दी ।**
धौलागिरि चक्रीय पदमार्गको 'हिडन भ्याली' मा फसेका तीन विदेशी पर्यटकसहित १५ जनाको बुधवार सुरक्षाकर्मीको टोलीले उद्धार गरेको छ ।

म्याग्दीको धवलागिरी गाउँपालिका–४ मुदीको इटाली आधार शिविर भएर मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फा जाने क्रममा सोमबार रातिदेखि भएको हिमपातले पदमार्ग पुरिएपछि १२ नेपाली र तीन जना बेलायतका पर्यटकहरू फसेका थिए ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जोमसोमबाट गएका सुरक्षाकर्मी र हिडन भ्यालीबाट आएका पर्यटकहरू समुन्द्री सतहदेखि चार हजार ९०० मिटर उचाइमा रहेको बतासे डाँडामा भेटेर जोमसोम ल्याइएको जानकारी दिए ।

'पर्यटकलाई पदयात्रामा पठाएको कम्पनीले समस्यामा परेको भन्दै उद्धारका लागि अनुरोध गरेपछि बुधबार सुरक्षाकर्मीको टोली पठाएका थियौँ', उनले भने 'पर्यटक, पथप्रर्दशक र पर्यटक मजदुरहरूको उद्धार गरिएको छ ।'

काठमाडौँको सेक्रेट हिमालय ट्रेड एण्ड एक्पिडिसन ट्राभल एजेन्सीमार्फत पदयात्रामा गएका बेलायतका पर्यटकले हिँड्न गाह्रो पर्ने भएकाले मङ्गलबार साँझ सम्बन्धित कम्पनीमार्फत हेलिकप्टरबाट उद्धारको व्यवस्था मिलाउन अनुरोध गरेका थिए । मेरी रेप्स, क्याथोरिन विल्सन र इमिली कोट्स नाम गरेका बेलायतका महिला पर्यटक पदयात्रामा गएका थिए ।

पथप्रर्दशकले स्याटेलाइट फोनमार्फत उद्धारको अनुरोध गरेका प्रजिअ भुसालले बताए । जोमसोमस्थित नेपाली सेनाको उच्च शिखर शिक्षालयका सेनानी प्रशान्त विष्टको नेतृत्वमा १५ जना तालिम प्राप्त सुरक्षाकर्मीलाई उद्धार कार्यमा परिचालन गरिएको उनले जानकारी दिए ।रासस

# पोषण पुनःस्थापना केन्द्रबाट बालबालिका कुपोषणमुक्त

**विराटनगर ।**
कुपोषित बालबालिकाको स्वास्थ्य पुनःस्थापना गर्दै उनीहरूलाई पुनः सामान्य जीवनमा फर्काउन सहयोग पु¥याउने उद्देश्यले विराटनगरस्थित कोशी अस्पतालमा सञ्चालित पोषण पुनःस्थापना केन्द्र बालबालिकाको जीवनमा नयाँ आशा बोकेको केन्द्र बनेको छ ।

दश शय्या क्षमताको यो केन्द्रबाट स्थापना भएको उक्त केन्द्रबाट सयौँ कुपोषित बालबालिकाले उपचार पाएर स्वस्थ जीवन फर्किएका छन् । यस केन्द्रले कोशी प्रदेशका विशेषगरी मोरङ, सुनसरी, झापा, सोलुखुम्बुलगायत जिल्लाबाट आएका कुपोषित बालबालिकालाई बर्सेनि सेवा दिँदै आएको छ । विसं २००४ मा सरकारले सञ्चालन गरेको यस कोशी अस्पताल पुनःस्थापना केन्द्रबाट एक हजार ८७२ कुपोषित बालबालिकाले उक्त सेवा लिइसकेका छन् ।

अस्पतलकी मेडिकल सुपरिटेन्डेन डा रुणा झा अस्पतालमा सञ्चालित पोषण पुनःस्थापना केन्द्रको उद्देश्य कुपोषित बालबालिकाको स्वास्थ्य पुनःस्थापना गर्दै उनीहरूलाई पुनः सामान्य जीवनमा फर्काउनु रहेको बताउनुहुन्छ । केन्द्रमा भर्ना भएका बालबालिकालाई चिकित्सकको निगरानीमा सन्तुलित आहार, उपचार र आवश्यक परामर्श प्रदान गरिन्छ । साथै, बालबालिकाको हेरचाहमा संलग्न आमा वा अभिभावकलाई पोषिलो खाना पकाउने, खुवाउने र सरसफाइका व्यवहारबारे व्यावहारिक प्रशिक्षण दिइन्छ ।

'पोषण पुनःस्थापना गृहले बालबालिकाको जीवन मात्र होइन, भविष्य पनि जोगाइरहेको छ, यसले बाल मृत्युदर घटाउन ठूलो सहयोग गरेको छ', मेसु डा झा भन्छन, 'कुपोषणले बालबालिकाको शरीर मात्र होइन, मानसिक विकासमा पनि असर पार्ने हुँदा समयमा नै उपचार र पोषणको सचेतता अत्यावश्यक छ ।'



पोषण पुनःस्थापना केन्द्रको मापदण्डअनुसार कुपोषण भएका बालबालिका उपचारका लागि अस्पताल ल्याएमा अभिभावकसँग परामर्श गरेर तुरुन्त भर्ना गराई उपचार सुरु गरिने मेसु झाले बताईन । उनले प्रदेशका जुनसुकै ठाउँबाट आएका शीघ्र कुपोषणमा बालबालिकालाई पनि भर्ना गरी एक अभिभावकको साथैमा निःशुल्क उपचार गरिने जानकारी दिए ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार बालबालिकाको मस्तिष्कको ८० प्रतिशत विकास दुई वर्षभित्र हुन्छ । त्यस उमेरमा पर्याप्त पोषण नपुग्ने हो भने बालबालिकाको भविष्य नै जोखिममा पर्छ । नेपालमा कुपोषणको दर केही घट्दो क्रममा छ । जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ का अनुसार कुपोषणका कारण हुने पुड्कोपनको दर घटेर २५ प्रतिशतमा झरेको छ, जुन पाँच वर्षअघि ३६ प्रतिशत थियो ।

केन्द्रकी नर्सिङ इन्चार्ज चन्द्रकला सापकोटा केन्द्रमा विपन्न परिवारका कुपोषित बालबालिका मात्र होइन, सम्पन्न परिवारका बालबालिका पनि आउने गरेको बताउछन । 'जङ्कफुडका कारण बालबालिका कुपोषित हुने गर्छन्, कतिपयले खाना नपाएर कुपोषित हुनुपरेको छ, यिनै समस्याबीचमा हामी काम गरिरहेका छौँ,' उनी भन्छन्, 'आशै मारिसकेका बालबालिकालाई पनि स्वस्थ बनाएर पठाएका छौँ ।'

केन्द्रमा भर्ना भएका बालबालिकामध्ये अधिकांशले सुधार देखाएर घर फर्किने गरेका छन् । 'यहाँ भर्ना भएका सबै बालबालिका राम्रोसँग निको भएरै गएका छन्,' इन्चार्ज सापकोटाले भने, 'हामी आमाबाबुलाई पनि पोषिलो खाना कसरी पकाउने र खुवाउने भनेर व्यावहारिक सल्लाह दिन्छौँ ।'

केन्द्रकी पोषणविद् जेनिशा दाहाल केन्द्रमा आएका कतिपय बालबालिकाको कुपोषणका कारण केवल खान नपाएर मात्र होइन, खान नजानेर पनि समस्या देखिएको बताउछिन । उनले भनिन, 'कुपोषण भनेको खाना नपाउनु मात्र होइन, खान नजान्नु पनि हो ।'

उनका अनुसार हरियो सागपात, फलफूल, अण्डा, माछा–मासु खान सक्ने अवस्था हुँदाहुँदै पनि गलत खाने बानीका कारण पोषणको समस्या देखिन्छ ।

'शहरमा जङ्कफुडको बढी प्रयोग र गाउँमा पौष्टिक खानेकुरा नपुग्ने अवस्थाले समस्या बढाएको छ,' उनि भन्छिन, 'जब एक आमा बुझ्छिन्, तब उनको बच्चा मात्र होइन, सिङ्गो परिवार स्वस्थ बन्छ । त्यसैले हामी अभिभावकलाई घरमै प्रयोग हुने खानेकुराबाट पोषिलो खाना बनाउन सिकाउँछौँ ।'

हरिया सागपात, फलफूल, अण्डा र माछामासु खान सक्ने अवस्था हुँदाहुँदै पनि गलत खानेकुरा खाने बानीका कारण बालबालिकामा पोषणको कमी हुने गरेको छ । शहरमा जङ्कफुडको बढी प्रयोग र गाउँमा पौष्टिक खानेकुरा नपुग्ने अवस्थाले समस्या बढाएको हो ।

केन्द्रका अनुसार कुपोषित बालबालिकालाई भर्ना गर्नुअघि अस्पतालको बाल रोग विभागमा विशेषज्ञ चिकित्सकद्वारा उनीहरुको तौल र उचाइका आधारमा कुन प्रकारको कुपोषणको समस्या हो भन्ने जाँच गरिन्छ ।

बच्चालाई तत्काल भर्ना गर्नुपर्ने अवस्था देखिएमा कुपोषित बच्चासँगै आमा अथवा कोही अभिभावकको एक सदस्य अनिवार्य रुपमा बस्नुपर्छ । बच्चाको अवस्था हेरेर एक महिनासम्म पोषणयुक्त खानेकुरा खुवाएर पोषणमा सुधार ल्याइने मात्र होइन सो अवधिका अभिभावकलाई घर पुगेर भान्छामा पकाएका खानेकुरालाई कसरी पोषणतत्व कायम राख्नेगरी तयार पार्ने भन्नेबारे पनि सिकाएर पठाइन्छ ।रासस

# पशुपतिनाथ मन्दिरमा गो संरक्षण सहस्र अर्चना

**काठमाडौँ ।**
पशुपतिनाथका मूलअर्चक गणेश भट्टले स्थानीय गाई संरक्षणको सङ्कल्पले पशुपतिनाथ मन्दिरमा 'गो संरक्षण सहस्र' अर्चना गरेका छन ।

गोपाष्टमी पर्वका अवसरमा गोवंश संरक्षण अभियानले बुधबार गोरखा जिल्लाबाट सुरु गरेको गोसंवद्र्धन रथयात्रा पशुपतिनाथ आइपुगेपछि शुक्रवार बिहान पशुपतिनाथ मन्दिरमा पूजाआराधना गरिएको हो । पशुपतिनाथको ज्योतिर्लिङ्ग चर्ने क्रममा स्थानीय गाईले पत्ता लगाएको धार्मिक विश्वास छ ।

गोरखाको पालुङटार नगरपालिका–७ च्याङ्ली, चुँदीघाटमा रहेको ओमकार योग आयुर्वेद गुरुकुलको संयोजनमा बुधबार बिहान ८:०० बजेको साइतमा गोरखा दरबार क्षेत्रस्थित गोरखनाथ र गोरखकाली मन्दिरमा पूजाआराधना गरी गो संवद्र्धन यात्रा सुरु भएको थियो ।

यात्राका क्रममा शुक्रवार बिहान मैतीदेवीस्थित गोदा वेणुगोपाल मन्दिरमा गाईको पूजाआराधना गरी राजधानीका विभिन्न भागमा घुमाइएको थियो ।

थापाथलीस्थित राम मन्दिर र गोरखनाथ मन्दिर परिसरमा पनि गोरखाबाट ल्याइएको स्थानीय गाईको विधिपूर्वक पूजाआराधना गरिएको थियो ।

बिहान पशुपतिनाथ मन्दिरसम्म यात्रा गरी मूल भट्टले पूजाआराधनासहित गाई संरक्षणको कामना गरिएको थियो । यात्रा सकिएसँगै स्थानीय गाईको संरक्षणका लागि राष्ट्रिय समिति गठन गरिने कार्यक्रम संयोजक एवं ओमकार योग आयुर्वेद गुरुकुलका प्राचार्य आचार्य गोविन्द रेग्मीले जानकारी दिए ।रासस

# चार प्रतिवादी कारागार चलान

**मधेशदृष्टि**
**वीरगंज ।**
गोल्डेन भनिने शिवम साह कानु हत्या प्रकरणमा संलग्न चार प्रतिवादीलाई पुर्पक्षमा पठाइएको छ । असोज १४ गते राति वीरगंज महानगरपालिका १० स्थित गीता मन्दिर सडक छेउमा लागेको गहवामाई मेलामा स्थानीय २० वर्षीय शिवम साह कानु (गोल्डेन) माथि समूहिक आक्रमण गरी कुटपिट तथा चक्कु प्रहार गरिएको थियो । उनको उद्धार प्रयास असफल भएपछि मृत्यु भएको थियो । हत्यामा संलग्न 'खुनीदरिन्दे' समूहका सदस्यहरूले योजनाबद्ध रूपमा आक्रमण गरेका थिए ।

जिल्ला अदालत पर्साको आदेशपछि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले जानकारी दिए । वीरगंज–२४, रामगढवाका १९ वर्षीय गौतम पटेल, २० वर्षीय सुभांकर चौरसिया, २२ वर्षीय अमिरी पटेल (करण प्रसाद पटेल) र नामथर वतन परिवर्तित '३४'लाई कारागार चलान गरिएको हो ।

# जेन्जी युवा कमिटी गठन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा युवाको भेलाले जेन्जी आन्दोलनमा शहादत प्राप्त गरेका स्वर्गीय असाहब आलमका दाई मुराद आलमको संयोजकत्वमा १ सय सदस्यीय जेन्जी वीरगंज युवा कमिटी गठन गरेको छ।

वीरगंजस्थित माल्ट होटलमा बसेको युवाहरुको भेलाले गठन गरेको समितिको उपसंयोजकमा जेन्जी आन्दोलनमा घाइते भएका रेयाजुल हक छन्।

यस्तै, सदस्यहरुमा सागर यादव, ज्ञानेन्द्र महतो, चन्दन महतो, वासिम शेख, नीरज जोशी,अनिश पटेल, समीर अन्सारी लगायत छन्।

समितिको सल्लाहकार समितिमा महादेव प्रसाद कुर्मी, सन्जय श्रेष्ठ, राहुल रौनियार तथा समन्वयकर्तामा सुधिर पटेल, वीरेन्द्र काण्ठ, रन्दिप श्रीवास्तव, जयशंकर यादव,अमन आलम लगायत छन्।

# दीर्घकालीन रणनीतिक योजना कार्यशाला

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लाका समान उद्देश्य र विचारधारा भएका गैरसरकारी संस्थाबीच सहकार्य विस्तार र दीर्घकालीन रणनीतिक योजना निर्माणका लागि आयोजित दुई दिने कार्यशाला गोष्ठी वीरगंजमा सम्पन्न भएको छ। दलित महिला संघ वीरगंज–पर्साको आयोजनामा तथा वुमेन्स फन्ड एसियाको सहयोगमा कार्तिक १३ गतेबाट शुरु भएको गोष्ठी शुक्रबार सकिएको हो।

गोष्ठीको अध्यक्षता संघकी अध्यक्ष निला रामले गरेकी थिइन्। कार्यक्रममा पर्साका विभिन्न संघसंस्था तथा समुदायका २५ महिला र पुरुष प्रतिनिधिको सहभागिता थियो।

सहभागीहरूले रणनीतिक योजना निर्माण, महिला सशक्तिकरण, नेतृत्व विकास र समान उद्देश्य भएका संस्थाबीच सहकार्यका विषयमा छलफल गरेका थिए। गोष्ठीमा अन्य वक्ताहरूले दलित समुदाय, विशेषगरी महिलाका अधिकार सुनिश्चित गर्न साझा रणनीति र सञ्जाल सुदृढ गर्नुपर्नेमा जोड दिएका थिए।

# बेमौसमी वर्षाः जताततै किसान नै मारमा

**मधेशदृष्टि**
**वीरगंज।**
बुधबार बेलुकादेखि परेको अविरल बेमौसमी वर्षाले मधेशका किसानहरु मारमा परेका छन्। विभिन्न जिल्लाका हाम्रा संवाददाताहरुका अनुसार वर्षाले किसान सबैभन्दा बढी प्रभावित भएका छन्। सरकारी सञ्चारमाध्यम राससले पनि किसानहरु मार परेको समाचार सम्प्रेषण गरेको छ।



लगातारको वर्षाले पर्सा जिल्लाका किसानहरूले लगाएका हिउँदे बाली विशेषगरी तोरी र सुर्ती खेतीमा ठूलो क्षति पुगेको छ।

ठोरी गाउँपालिका वडा नम्बर–४, बिजयबस्तीका किसान अर्जुन श्रेष्ठका अनुसार यो क्षेत्रमा किसानहरूको मुख्य नगदेबाली सुर्ती हो, तर हालैको लगातार वर्षाले सुर्ती बालीलाई सखापै बनाइदिएको छ। 'असोज २०–२१ गतेको वर्षाले बिरुवा नष्ट भयो, अहिले बल्ल राम्ररी उब्जिने आशामा रोपेको सुर्ती पनि यो वर्षाले पूरै बिगार्यो,' किसान श्रेष्ठले बताए। सुर्तीबाली नष्ट भएपछि किसानहरूले वैकल्पिक रूपमा गहुँ खेती गर्न बीउको जोहो गर्न थालेका छन्। तर सिँचाइको अभावले त्यसमा पनि कठिनाइ हुने देखिएको किसानहरूको गुनासो छ।

यस्तै, ठोरी गाउँपालिका वडा नम्बर–५, सुवर्णपुरका किसानहरू पनि वर्षाबाट गम्भीर प्रभावित भएका छन्। वडाध्यक्ष अष्ठबहादुर लोप्चनका अनुसार सुवर्णपुरमा हरेक वर्ष करिब ६ सय बिघा जमिनमा तोरी खेती हुने गर्दछ, तर यसपालिको बेमौसमी वर्षाले सबै बाली नष्ट गरेको छ।

'किसानहरूले खेत दुई पटक जोतेर मल हाली तोरी छरेका थिए, तर उम्रिन नपाउँदै बाली सखाप भयो,' वडाध्यक्ष लोप्चनले बताए। उनका अनुसार अब तोरी पुनः छर्ने समयमा ढिलाइ भइसकेकाले किसानहरूले गहुँ वा मकै वैकल्पिक बालीका रूपमा लगाउने तयारी गरेका छन्।

तर त्यसका लागि किसानहरूलाई पुनः बीउ, मल र मेशिन खर्च दोहोरो हुने वडाध्यक्ष लोप्चनले बताए। तोरी र सुर्तीका साथै किसानहरूले लगाएका राजमा, आलु, काउली, बन्दा, लसुन, मूला, भन्टा लगायतका हिउँदे तरकारी बालीहरू पनि वर्षाबाट नराम्रोसँग प्रभावित भएका छन्।

उता, खेतमा पाकिसकेका धानबाली भित्र्याउन पनि किसानहरूलाई कठिनाइ भएको छ। निरन्तर वर्षाका कारण खेतमा पानी जम्दा धान काट्न र सङ्कलन गर्न नसकिएको किसानहरूको गुनासो छ। स्थानीय किसानहरूले सरकार र सम्बन्धित निकायसँग तत्काल क्षतिको मूल्याङ्कन गरी राहत तथा सहयोग कार्यक्रम सञ्चालन गर्न माग गरेका छन्।

# हराएको सुन र नगद प्रहरीद्वारा फेला धनीलाई बुझाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१३ राधेमाई टोलकी ४७ वर्षीया रोशनी मानन्धरले हराएको सुनका गरगहना र नगद रकम प्रहरीले फेला पारी धनीलाई जिम्मा लगाएको छ। कात्तिक१ २ गते दिउँसो करिब २ः३० बजे मानन्धरले वीरगंजको प्रतिमा चोकदेखि राधेमाईसम्म इरिक्सा चढ्ने क्रममा आफूसँग रहेको लेडिज पर्स हराएको भनी जिल्ला प्रहरी कार्यालय पर्सामा निवेदन दिएकी थिइन्। पर्सभित्र सुनको सिक्री लकेटसहित १ थान, कानको टप २ थान, सुनका बाला १ थान गरी करिब २.५ तोला सुनका गरगहना र नगद ४ सय रुपैयाँ रहेको विवरण उल्लेख गरिएको थियो। निवेदन प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालयको स्मार्ट कन्ट्रोल रुममा रहेको सिसिटिभी फुटेजको विश्लेषण गर्दै सोही दिन इरिक्शाको खोजतलास र जाँचबुझ गर्दा प्रहरी टोलीले पर्स फेला पार्न सफलता हासिल गरेको थियो। फेला पारिएको गरगहना र नगद रकम आज औपचारिक रूपमा सम्बन्धित धनी रोशनी मानन्धरलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# समाजसेवी एवम् पूर्व जिविस उपसभापति हवारीको निधन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–११ श्रीपुरका प्रतिष्ठित समाजसेवी, पूर्व वडाअध्यक्ष तथा पूर्व जिल्ला विकास समिति (जिविस) उपसभापति हाजी जुमादिन शेख हवारीको निधन भएको छ। ७७ वर्षका हवारीको उपचारक्रममा वीरगंजस्थित बयोधा अस्पतालमा शुक्रबार दिउँसो ३ बजे निधन



भएको परिवारिक स्रोतले जनाएको छ। उनी बिहीबारदेखि अस्पतालमा भर्ना भएका थिए।

हवारीको अन्त्येष्टि शनिबार दिउँसो २ बजे श्रीपुरस्थित कब्रिस्तानमा मुस्लिम परम्पराअनुसार गरिने परिवारले जनाएको छ। समाजसेवी स्वर्गीय हवारीले स्थानीय विकासका विभिन्न क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै समाजमा सकारात्मक योगदान पु¥याएका थिए।

उनका श्रीमती, ३ छोरा र १ छोरी छन्।

# बेमौसमी वर्षाले किसान दोहोरो मारमा

**सिरहा।**
लगातारको वर्षाका कारण भित्र्याउने बेला भएको धान खेतमा ढल्न थालेपछि सिरहाका किसान चिन्तित बनेका छन्। बङ्गालको खाडीबाट विकसित 'मोन्था' चक्रवातका कारण भएको बेमौसमी वर्षाले पाक्नै लागेको धानमा क्षति पुगेपछि आफूहरू मर्कामा परेको किसानको गुनासो छ।

गोलबजार–९ का किसान रामपुकार कामतीले शुरुमा खडेरीले रोपाइँमा समस्या पारेको भन्दै अहिले भित्र्याउने बेला झरीले धानबाली नष्ट गरेकामा चिन्ता व्यक्त गरे। उनले भने, 'रोप्ने बेलामा खडेरीको मारमा परियो। जसोतसो धान रोपियो। तर भित्र्याउने बेलामा बेमौसमी वर्षाको मारमा परेका छौँ। दुःख गरेर खेती गर्छौँ, तर प्रकृतिले साथ दिँदैन।'

कर्जन्हा नगरपालिका–३ बन्दीपुरका जितेन्द्र यादवले बेमौसमी वर्षाले किसानमाथि बज्रपात भएको गुनासो गरे। उनले मुस्किलले एक हप्तापछि भित्र्याउन सकिने धानलाई पानीले क्षति गरेको उल्लेख गर्दै तत्काल क्षतिको मूल्याङ्कन गरी किसानलाई राहत उपलब्ध गराउन सरोकार भएका निकायसँग माग गरे।

साउनको दोस्रो सातासम्म वर्षा नहुँदा किसानले बोरिङ र जेनेरेटरको पानीले रोपाइँ गरेका थिए। यहाँस्थित कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार यसपटक खडेरीका कारण ८८ दशमलव १७ प्रतिशत मात्र रोपाइँ भएको थियो। उनले वर्षासँगै आएको सामान्य हावाले धान ढलेपछि दाना कुहिएर उत्पादन घट्ने अनुमान गरिएको बताए। वर्षा रोकिएपछि मात्र स्थानीय तहको कृषि शाखासँग समन्वय गरी क्षतिको यकिन गरिने उनले जानकारी दिए।

# करार तथा ज्यालादारी कर्मचारीको तालाबन्दी जारी




**आरके श्रीवास्तव**
**रौतहट।**
कटहरिया नगरपालिकामा करार र ज्यालादारीका कर्मचारीहरूले शुरु गरेको तालाबन्दी शुक्रबार तेस्रो दिन पनि जारी छ। तलबभत्ता बक्यौता भुक्तानी नहुँदा असन्तुष्ट कर्मचारीले बुधबारदेखि नगरपालिका मातहतका वडा नं. १ देखि ९ सम्मका सबै वडा कार्यालय तथा नगरपालिका कार्यालयमा तालाबन्दी गरेका हुन्।

कर्मचारीले विगतमा गरेको आन्दोलनका क्रममा दीपावली र छठ पर्व अगावै बाँकी तलबभत्ता भुक्तानी गर्ने नगरपालिकाको लिखित आश्वासन कार्यान्वयन नहुँदा पुनःआन्दोलनमा उत्रिनुपरेको बताएका छन्। उनीहरूको भनाइमा लामो समयदेखि सेवा दिँदै आए पनि पारिश्रमिक नपाउँदा दैनिक जीवन नै प्रभावित भएको छ।

२०८२ कार्तिक १२ गते बसेको कर्मचारीहरूको बैठकले शान्तिपूर्ण रूपमा तालाबन्दी र 'धारणा कार्यक्रम' अगाडि बढाउने निर्णय गरेको थियो। निर्णयअनुसार उनीहरूले औपचारिकरूपमा कटहरिया नगरपालिकाका कार्यालय प्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् भने बोधार्थका लागि जिल्ला प्रशासन कार्यालय रौतहट, जिल्ला समन्वय समिति रौतहट, तथा वडा नं. १ देखि ९ का वडा कार्यालयहरूमा पनि ज्ञापनपत्र पठाइएको छ।

कर्मचारीहरूको आन्दोलनमा कटहरिया नगरपालिकाका पूर्व नगरप्रमुख सियाराम कुशवाहाले पनि ऐक्यबद्धता जनाएका छन्।

उनले करार तथा ज्यालादारी कर्मचारीहरूको तलबभत्ता तुरुन्त उपलब्ध गराउन नगरपालिकालाई आग्रह गर्दै 'काम गरेको पारिश्रमिक पाउनु त उनीहरूको अधिकार हो' भन्ने अभिव्यक्ति दिएका छन्। यस विषयमा बुझ्न कटहरिया नगरपालिकाका कार्यालय प्रमुख गणेश नेपालीलाई सम्पर्क गर्ने प्रयास गर्दा फोन उठाएनन्।

## वीरगंजमा बृहत वृक्षारोपण

# मेयर सिंहद्वारा 'हरियो शहर' अभियान

**वीरगंज–२४ मा वृक्षारोपण**
**मधेशदृष्टि**
वीरगंज।
वीरगंजमा शुक्रबार बृहत वृक्षारोपण भएको छ। वीरगंज महानगरपालिकाको अगुवाइमा भारतीय महावाणिज्य दूतावास र ग्रिनसिटी सामुदायिक सेवा केन्द्रको सहकार्यमा महानगरको वडा नम्बर २४ मा विभिन्न प्रजातिका १ सय विरुवा रोपिएका छन्। कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगंजलाई हरियो, स्वच्छ र सुन्दर शहर बनाउने लक्ष्यसहित यस्तो अभियान अघि बढाइएको बताए।

ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानका अनुसार वातावरण संरक्षण र शहरी सौन्दर्यीकरणका लागि यो कार्यक्रम नियमित रुपमा सञ्चालन गरिने योजना छ। वृक्षारोपण कार्यक्रममा भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत डिएस मिणा, प्रहरी वरिष्ठ उपरीक्षक शान्तिराज कोइराला, प्रहरी उपरीक्षक सुदीपराज पाठक, प्रहरी निरीक्षक विक्रम सुवेदी, ट्राफिक प्रहरी निरीक्षक युवराज कटुवाललगायत स्थानीयको उपस्थिति थियो। मेयर सिंहले अन्त्यमा सबैलाई वीरगंजलाई 'हरियो शहर' बनाउने अभियानमा हातेमालो गर्न आह्वान गरे।

# वडाध्यक्ष तेलीको निधन

**मधेशदृष्टि**
**वीरगंज।**
बारागढी गाउँपालिका–६ का वडाध्यक्ष निरज साह तेलीको बिहीबार राति निधन भएको छ।

४६ वर्षीय तेलीको उपचारक्रममा वीरगंज नेसनल मेडिकल कलेजमा निधन भएको उनका काका बारा उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार साहले बताए। उनी लामो समयदेखि क्यान्सर रोगबाट पीडित थिए। दोस्रो कार्यकालका लागि उनी कांग्रेसबाट निर्वाचित थिए भने पहिलो कार्यकालका लागि जनता समाजवादी पार्टीबाट निर्वाचित भएका थिए।

उनका २ छोरी, एक छोरा र श्रीमती छन्।

# फरार प्रतिवादीहरु धमाधम पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
जिल्ला प्रहरी कार्यालय रौतहटले विभिन्न समयमा फरार भएर लुकेर बसेका प्रतिवादीहरूलाई पक्राउ गरेको छ।

रौतहटको कटहरिया–१ (क)को २४ वटा कित्ताको ९ बिगा १८ कठ्ठा १५ धुर जग्गासँग सम्बन्धित मुद्दामा अदालतको फैसला र पत्र किर्ते खडा गरी गैरकानुनी तवरले आफ्नो नाममा दाखिला गराएको आरोपमा कटहरिया–१ का ४२ वर्षीय रामपुकार महतो कोइरीलाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारि प्रहरी निरीक्षक रुद्रराज कंडेलले जानकारी दिए।

त्यस्तै, प्रहरीले ठगी तथा आपराधिक विश्वासघातको मुद्दामा श्री धन लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड गौरमा एजेन्टको रूपमा काम काज गर्दै आएका गौर–८ का ४७ वर्षीय सुरेन्द्र साहलाई पक्राउ गरेर थप अनुसन्धान थालेको छ।

साहले गाँउका मानिसलाई विभिन्न किसिमको प्रलोभनहरू देखाई विश्वासमा पारी १ वर्षे र ७८ महिने खाता खोल्न लगाई सोही खातामा रकम जम्मा गराउँदै आएकोमा धन लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बन्द गरी प्रतिवादी फरार रहेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी कडेलले जानकारी दिए।

त्यस्तै, जेन्जी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, रौतहटको हिरासतबाट लागुऔषध गाँजा मुद्दाका फरार थुनुवा चन्द्रपुर– ६ ठोकर टोलका पनिलाल दासलाई प्रहरीले पक्राउ गरेको छ।

साथै जेन्जी आन्दोलनकै क्रममा कारागार कार्यालय गौर, रौतहटबाट फरार लागुऔषध मुद्दाका कैदीबन्दी चन्द्रपुर–१ का २८ वर्षीय उमेश राना मगरलाई पक्राउ गरी आवश्यक कारबाहीका लागि कारागार कार्यालय गौर, रौतहटमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी कँडेलले जानकारी दिए।


## शिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०७/१६**

यस डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुको लागि सुरक्षा सेवा (Security Guard Services) आवश्यक भएकोले बैंक तथा वित्तीय संस्थाहरुमा यस प्रकारका सुरक्षा सेवा प्रदान गर्दै आइ रहेका अनुभव प्राप्त ईच्छुक सुरक्षा सेवाप्रदायक रजिष्टर्ड फर्म कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकबाट खरिद गरेको बोलपत्र फारम रितपुर्वक भरी शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

शिलबन्दी बोलपत्र फारम यस डेभलपमेन्ट बैंकको प्रशासन विभाग, केन्द्रीय कार्यालय, गिता मंदिर रोड, वीरगंज, पर्साबाट पछि फिर्ता नहुने गरी रु. १,०००.०० (रु. एक हजार मात्र) कर्पोरेट डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, वीरगंजको खाता नं. ९२८१६०००५ (Inter Department Ticket मा) जम्मा गरी प्राप्त गर्न सकिनेछ। शिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्त तथा बन्देज लगायतका विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको छ।

**नोटः** प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा कारण जनाई वा नजनाई अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :** २०८२ कार्तिक ३० गते आइतबार दिउँसो ४:०० बजेसम्म।
**शिलबन्दी बोलपत्र खोलिने मिति :** २०८२ मंसिर०१ गते सोमवार दिउँसो २:०० बजे देखि।
**बोलपत्र खोलिने स्थान :** केन्द्रिय कार्यालय, गिता मन्दिर रोड, बीरगन्ज-०६, पर्सा।

Corporate Development Ba[nk]
कर्पोरेट डेभलपमेन्ट
first choice - financi[al]

**प्रधानकार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट श्रीसिया, बिरगंज, बदन नगर (बिरगंज) बरथवा, सर्लाही र बर्दिवास, महोत्तरी।

## सम्पादकीय

# मुख्यमन्त्रीलाई विश्वासको मतको वातावरण

आफ्नै पार्टीभित्र र सहयोगी दलहरुमा पनि असन्तुष्टिको कालो बादल मडारिइरहँदा पनि मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले अहिलेसम्मको अवस्थामाम बहुमत पाउने भएका छन् । अघिल्लो दिनसम्म मुख्यमन्त्री भनेर बहुप्रचारित जनमतका महेश यादव र कांग्रेसका कृष्णा यादवको जस्तो हविगत सोनलले भोग्नु परेन। यही नै ठूलो उपलब्धी हो। जनमतले मुख्यमन्त्री पाउने भनेपछि संसदीय दलका नेता महेश यादव नै मुख्यमन्त्री हुने भनेर हामीले पनि लेख्यौँ। पछि त जनमतले सतिश कुमार सिंहलाई अघि सार्यो। आज जनमतसँग मुख्यमन्त्री र सतिश कुमार सिंह दुवै छैन। अघिल्लो दिनसम्म जनमतको समर्थनमा कांग्रेसका यादव मुख्यमन्त्री भनेर बहुप्रचारित भयो । भोलिपल्ट जनमतले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लाई मुख्यमन्त्रीमा समर्थन दिएपछि कांग्रेसका कार्यकर्ताहरु फेरि सडकमा कराउन थाले। प्रदेश प्रमुख कार्यालय वरपर नाराबाजी गरेर घर गए। फेसबुकमा केहीले जनमतलाई गाली गरेर कांग्रेस हुनुको परिचय दिए। मुख्यमन्त्री त चट् भयो।

मुख्यमन्त्री सोनलले कात्तिक २२ गते प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन्। सात दलको बैठकले विश्वासको मत लिने निर्णय गरेपछि मुख्यमन्त्री सोनलले विभिन्न राजनीतिक दलका नेतासँग भेटघाट र परामर्श तीव्र पारेका छन्। मुख्यमन्त्री सोनलले विश्वासको मत लिएपछि मात्र मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेका छन् । विश्वास मतका लागि नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूसँग भेटघाट गरी समर्थनका लागि आग्रह गरेर राजनीतिक संस्कार देखाएका छन् । सोनलसँग ५ दलका ५६ प्रदेशसभा सदस्यको समर्थन छ। नागरिक उन्मुक्ति पार्टी र रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले पनि समर्थन जनाएपछि सोनल अरु बलियो बनेका छन्। सोनल सरकारलाई ५७ प्रदेशसभा सदस्यको समर्थन देखिएको छ । प्रदेशसभामा १ सय ७ सदस्यमध्ये १ सय ४ सदस्य कायम छन्। बहुमतका लागि ५३ जना सदस्यको समर्थन आवश्यक पर्नेमा सोनल सरकारले आवश्यक समर्थन जुटाइसकेको देखिन्छ।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले असोज २९ गते सोनललाई मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन्। त्यसको भोलिपल्ट अर्थात् असोज ३० गते, जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादव र नेकपा (एकीकृत समाजवादी) का कनिष पट्टेललाई सोनलले विना विभागीय मन्त्री नियुक्त गरेका थिए । विनाविभागीय थोरै मन्त्रीबाटै राजनीतिक परामर्शसहित कच्ची सत्ता गठबन्धनलाई बलियो पार्न उनलाई जोडबल पुगेको छ। नेकपा एकीकृत समाजवादी र साना दलहरुको समर्थन नै सोनलको आर्जन देखिन्छ। माओवादी पनि एकमत भएर सोनलका पक्षमा उभिएपछि जनमतका १३ सदस्य भनेर प्रचार भइरहँदा सतिश कुमार सिंह र त्रिभुवन साह घट्दा पनि अब सोनल बलियो देखिएका छन्।

# चोटपटक जनस्वास्थ्यको प्रमुख समस्या





डा भगवती सेढाई र डा. पुष्पराज पन्त

विश्वमा चोटपटकका घटनाको भार घट्दै गए पनि, सीमित सुरक्षा चेतना र यत्रतत्र फैलिएका जोखिम तत्वहरूका कारण नेपाली जनतामा चोटपटकलगायतका अन्य रोगको तेहोरो बोझ रहेको छ । यसबाट देशको स्वास्थ्य सेवा प्रणालीलाई नै ठूलो चुनौती सिर्जना गरेको छ। नेपालमा चोटपटकसम्बन्धी हालका अध्ययनहरू सीमित छन्, त्यसमा पनि खण्डित छन् । विशेष प्रकारका चोटपटकका बारेमा भएका अध्ययनहरु ससाना क्षेत्रमा मात्र केन्द्रित छन् । यसले गर्दा चोटपटकका कारण हुने घटनासम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्कको अभाव छ भने उपचार र रोकथाम सेवा विकास गर्न चाहिने आवश्यक तथ्यपरक सुझावको पनि अभाव छ।

त्रिभुवन विश्वविद्यालय, जनसंख्या अध्ययन केन्द्रीय विभागबाट २०८०–८१ मा गरिएको एक अध्ययनले सातै प्रदेशका प्रमुख अस्पतालबाट चोटपटकसम्बन्धी सङ्कलन गरिएको तथ्याङ्क प्रयोग गरी यसको अवस्था, सामाजिक–जनसाङ्ख्यिकीय सम्बन्ध, आर्थिक क्षेत्रमा पारेको प्रभाव र रोकथामका उपायलाई केलाएर प्रस्तुत गरेको छ । जनसंख्यामा चोटपटकका असरले गरिबी बढाउने र दिगो विकासमा बाधा पु¥याउने भएकाले चोटपटकका घटनालाई कम गर्न तथ्यमा आधारित नीतिनिर्माणको आवश्यकतामा जोड दिएको छ । चोटपटकको अवस्था, यसले निम्त्याएको आर्थिक भार र रोकथामका रणनीतिको विश्लेषण गरी नीतिनिर्माणका लागि सहयोग पुग्ने जानकारी दिने र चोटपटक रोकथाम वा व्यवस्थापनमा प्रभावकारी कार्यक्रम तर्जुमा गर्न तथ्यगत जानकारी दिने यस अध्ययनको उद्देश्य हो।

- **को सबैभन्दा बढी प्रभावित ?**

अध्ययनले देखाएअनुसार चोटपटक लाग्ने व्यक्तिमध्ये ६४ दशमलव १ प्रतिशत पुरुष रहेका छन्। उनीहरुको औसत उमेर ३४ दशमलव ४ वर्ष छ। उल्लेखनीय रूपमा चोट लागेका ७५ प्रतिशत पुरुष ४४ वर्षभन्दा कम उमेरका थिए र सबै चोटपटकका घटनाहरूमध्ये ४० प्रतिशत २५ वर्षमुनिका व्यक्तिहरूमा देखिएको थियो। यसमा पनि १५ देखि २४ वर्षको उमेर समूह सबैभन्दा बढी जोखिममा रहेको पाइयो । वयस्कहरू विशेषगरी ५० वर्ष र माथिका महिलाहरू, पुरुषहरू (१५ दशमलव ६ प्रतिशत) को तुलनामा चोटपटकको उच्च अनुपात (२६ दशमलव ७ प्रतिशत) मा रहेका थिए। यसले उमेर र लिङ्गअनुसार फरकफरक जोखिम रहेको सङ्केत गर्छ।

तथ्याङ्कले शिक्षा र पेसाका हिसाबले पनि चोटपटकको जोखिममा रहेका वर्गको भिन्नता दर्शाउँदै त्यस्ता निर्धारकको महत्वपूर्ण भूमिका रहने देखाएको छ । चोटपटक लागेका ५८ दशमलव ४ प्रतिशत व्यक्तिले प्राथमिक शिक्षा मात्र हासिल गरेका थिए । यसमा महिला असमान रूपमा बढी (६५ दशमलव ६ प्रतिशत) प्रभावित थिए । किसान (२४ दशमलव ९ प्रतिशत) र विद्यार्थी (२९ दशमलव ६ प्रतिशत) सबैभन्दा धेरै चोटपटक लाग्ने पेसागत समूहहरू थिए । यसले कृषि कार्यका जोखिम र युवा, सक्रिय जनसंख्यामा चोटपटकको जोखिमलाई झल्काउँछ।

चोटपटकका कारण सालाखाला ५ दशमलव ९ दिन बिरामीले अस्पतालमा बिताउनुपरेको देखिन्छ। विभिन्न कारणबाट घाइते भएकामध्ये पनि बिजुलीको करेन्ट लागेर अस्पताल भर्ना भएका, सडक दुर्घटनाबाट घाइते भएकाले सबैभन्दा लामो समयसम्म अस्पताल भर्ना भएर नै उपचार गर्नुपरेको देखिएको छ। त्यसपछि उक्त चोटपटकबाट पूर्ण रूपमा निको हुन लाग्ने समयमा भने धेरै अन्तर रहेको देखिन्छ। यसरी चोटपटक लागेका बिरामीमा परेको मनोसामाजिक असरले उनीहरुलाई दीर्घकालसम्म पनि सताइरहने र चोटपटकपछिको जीवन कष्टकर हुन्छ भन्नेबारेमा पनि अध्ययनमा सामेल भएका व्यक्तिहरूको तर्क थियो।

- **चोटपटक लागेका बिरामीलाई कसरी लैजाने अस्पताल ?**

चोटपटक लागेका बिरामीहरूलाई उचित समयमा उद्धार र उपचार सही तरिकाबाट गर्न सकियो भने धेरै बिरामीलाई अकाल मृत्युबाट बचाउनका साथसाथै अङ्गभङ्ग हुनबाट पनि जोगाउन सकिन्छ। यसरी बिरामीलाई उचित उद्धार गर्नका लागि एम्बुलेन्स सेवाको विकास र विस्तार भएको छ। तर पनि यस अध्ययनमा सामेल भएका व्यक्तिहरूका अनुसार एक तिहाइले मात्र एम्बुलेन्स सेवा प्रयोग गरेको पाइयो भने बाँकीको हकमा भने घटना भएको स्थानमा जेजस्ता साधन उपलब्ध थिए, त्यसको प्रयोग गरिएको पाइयो। यसमा पनि लगभग एक चौथाइ बिरामीलाई दुईपाङ्ग्रे सवारीसाधन (मोटरसाइकल वा स्कुटर) को प्रयोग गरी स्वास्थ्य सेवासम्म पु¥याइएको थियो।

- **चोटपटक कहाँ र कसरी लाग्छ ?**

घर र वरिपरिको वातावरण चोटपटक लाग्ने सबैभन्दा प्रमुख स्थान (४६ दशमलव ९ प्रतिशत) का रूपमा देखिएको छ। घरभित्र हुने चोटपटकमा पुरुषहरूको (३९ दशमलव ४ प्रतिशत) तुलनामा महिला (६० दशमलव २ प्रतिशत) उल्लेखनीय रूपमा बढी घाइते हुने गरेको पाइयो । सडक दोस्रो सबैभन्दा धेरै चोटपटक लाग्ने स्थान (३१ दशमलव ७ प्रतिशत) थियो, जसमा पुरुष सडक–सम्बन्धित घटनामा अत्यधिक रूपमा चोट लागेका (७५ प्रतिशत) थिए । फुर्सदका समय बिताइने स्थानहरू, कार्यस्थल र खेतबारीमा भने तुलनात्मक रूपमा कम अनुपातमा चोटपटक लाग्ने गरेको पाइयो।

ठूलो संख्याका मानिसमा लडेर हुने चोटपटकको प्रमुख कारण थियो। विशेषगरी महिलामा सडक दुर्घटना दोस्रो स्थानमा थियो। यसले मुख्य रूपमा पुरुषलाई प्रभावित गरेको थियो र अन्य कारणमा कुकुर र सर्पजस्ता जनावरको टोकाइ, जलन र करेन्ट लागेर हुने चोटपटक थिए। सर्वसाधारणमा दुर्घटनाका जोखिमबारे सचेतनाको कमी हुनु र यसको रोकथामका बारेमा ज्ञान नहुनु चोटपटकका प्रमुख कारक भनी यो अध्ययनले पत्ता लगाएको छ। तीव्र गतिमा गाडी चलाउनु, लापरबाहीपूर्वक गाडी चलाउनु र मदिरा सेवनजस्ता मानवीय कारकहरूले ७५ प्रतिशत सडक दुर्घटना भएको भन्ने देखिएको छ। यस्ता व्यवहारलाई रोकथाम गर्न सकिने भएकाले अध्ययनको नतिजाले त्यसतर्फ न्यूनीकरणका लागि काम गर्नुपर्ने भनी प्रष्ट रूपमा औँल्याएको छ।

- **आर्थिक क्षति: अर्को गम्भीर समस्या**

चोटपटकले व्यक्तिलाई घाइते, अपाङ्ग वा मृत्यु गराउने मात्र नभई परिवारमा र समाजमा गम्भीर आर्थिक बोझ पनि थोपर्छ । यस अध्ययनले देखाएअनुसार जम्मा २८ दशमलव ७ प्रतिशत बिरामीले मात्र अस्पताल भर्ना हुनुअघि प्राथमिक उपचार पाएका थिए । प्राथमिक उपचार पाउनेमध्ये ग्रामीण क्षेत्रहरूमा ४३ प्रतिशत र सहरी क्षेत्रमा २५ दशमलव ४ प्रतिशत मात्र देखिएको थियो। चोटपटकका घाइतेको सवालमा यदि समयमै प्राथमिक उपचार दिइने व्यवस्था रहेमा घाइतेको अवस्था नबिग्रने र उपचारमा कम खर्च लाग्ने भएकाले विरामी निको हुने दर उच्च हुने आर्थिक क्षति पनि कम हुन्छ।

चोटपटकको उपचारका लागि रकम खर्च गर्नेमध्ये धेरैले व्यक्तिगत बचत (६१ दशमलव ८ प्रतिशत ) वा आफन्तबाट ऋण लिएर (३३ प्रतिशत) खर्च जेनतेन चलाएको पाइयो। जबकी १७ दशमलव ५ प्रतिशतले मात्र स्वास्थ्य बिमा प्रयोग गरेका थिए। यसले नेपालको स्वास्थ्य सेवामा रहेको आर्थिक सुरक्षाको खाडललाई उजागर गर्छ। नेपालमा स्वास्थ्य बीमा लागू गर्ने प्रयासमा सुस्तता र सीमितका कारण मानिसहरूले यस प्रकारका समस्याको लागि सम्पूर्ण खर्च स्वयम् व्यहोर्नु परेको छ। यद्यपि नेपाल सरकारले स्पाइनल कर्ड इन्जुरी, हेड इन्जुरी र जलनजस्ता गम्भीर चोटपटकको लागि आंशिक आर्थिक सहायता वा सहुलियत पूर्ण उपचारको व्यवस्था मिलाएको छ।

परिवारमा कसैलाई चोटपटकका कारण औषधोपचार गर्नुपर्ने अवस्था आएमा अन्य सदस्यहरूको दैनिक कार्यमा गम्भीर असर परेको देखिन्छ । बिरामीको स्याहार–सुसारमा लामो समय दिनुपरेकाले कतिपयले आफ्नो नियमित काम समेत छोड्नुपरेको अवस्था पाइन्छ। यसले गर्दा बिरामीसँगै उनका परिवारका सदस्यहरू पनि थप आर्थिक समस्यामा पर्ने स्थिति सिर्जना भएको छ।

- **मनोवैज्ञानिक र सामाजिक असर**

भौतिक क्षति वा शारीरिक समस्याका अतिरिक्त, चोटपटकले धेरैमा मनोवैज्ञानिक असर पारेको पनि अध्ययनले प्रष्ट रुपमा देखाएको छ । पुरुषहरू (२१ दशमलव ७ प्रतिशत) को तुलनामा महिलाहरू (२६ दशमलव ५ प्रतिशत) मानसिक रूपमा बढी प्रभावित पाइएका थिए । यसबाहेक, सात प्रतिशत उत्तरदाताहरूले भौतिक सम्पत्तिको क्षति भोग्नुपरेको देखिएको छ । यसको सालाखाला क्षति प्रतिव्यक्ति रु एक लाख १५ हजार २५० रहेको थियो। यसले न्यून आय भएका परिवारका लागि अत्यन्तै ठूलो प्रभाव पारेको थियो, जसबाट सजिलै पार पाउन धेरै गाह्रो हुने देखिन्छ । यस अध्ययनबाट चोटपटकको समस्याको रोकथामका लागि निम्न बहुआयामिक कार्यक्रमको आवश्यकतामा रहेको देखिएको छ।

- **रोकथामः**

सडक सुरक्षाका उपायहरू (जस्तैः गति सीमाको कडाईका साथ पालना, मापसे जाँच) र घरभित्र (जस्तैः वृद्ध महिलाका लागि चिप्लनबाट बचाउने उपायहरू) लाई बलियो बनाउनुपर्छ र वरिपरिका क्षेत्रमा सुरक्षाका लागि समुदायमा सूसुचित गरी सुरक्षित वातावरण बनाउने प्रयासको तुरुन्त थालनी गर्ने। साथै, समुदायमा चोटपटकका कारण र यसको रोकथामका लागि अपनाउनुपर्ने उपायकाबारेमा उचित ज्ञान र सम्बन्धित निकायले चोटपटकका जोखिम न्यूनीकरणका लागि विशेष पहल गर्नुपर्नेछ।

आर्थिक सुरक्षा ़ः

उपचारमा लाग्ने व्यक्तिगत खर्च कम गर्न स्वास्थ्य बिमाको दायरा र आपत्कालीन कोष विस्तार गर्नुपर्छ।

- **मानसिक स्वास्थ्य सहायताः**

चोटपटकका घाइतेको व्यवस्थापनमा उपचार र मनोसामाजिक परामर्श सेवालाई पनि समावेश गर्नुपर्छ।

तथ्य–प्रमाणमा आधारित नीति तथा कार्यक्रमहरूः उच्च जोखिममा रहेका समूहहरू (जस्तैः बालबालिका, किसान, विद्यार्थी, वृद्ध महिला) का लागि चोटपटक रोकथामका कार्यक्रमहरू तयार गर्न प्रमाणमा आधारित नीति र कार्यक्रमहरू निर्माण गरी लागू गर्नुपर्छ।

तसर्थ, चोटपटकहरू केबल अनपेक्षित वा अकस्मात हुने दुर्घटना मात्र होइनन् । यी अनुमान गरी रोक्न सकिने घटनाहरू हुन् । तिनका मूल कारणहरू र सामाजिक–आर्थिक प्रभावहरूलाई सम्बोधन गरेर नेपालले अकालमा हुने मृत्युबाट बचाउन, घाइते वा तिनका परिवारजनको पीडा कम गर्न र सुरक्षित, अझ चेटपटकका जोखिमबारे सेचत समाजको निर्माण गर्न सक्छ । अब काम गर्ने समय आएको छ। रासस

# कम्ती रोमाञ्चक छैनन् मार्फाका गल्ली

सुन्दरकुमार थकाली

अचेल मुस्ताङ भ्रमण गर्ने पर्यटकका लागि मुस्ताङको मार्फा गाउँ निकै चर्चित छ। दुई वर्षअघि गुमनाम जस्तै रहेको मार्फा पछिल्लो समय पर्यटकको उपस्थिति बढेसँगै यसको चर्चा परिचर्चा चुलिन थालेको हो । 'क्या राम्रो स्याउबारी मार्फा गावैमा' बोलको गीतका सर्जक थिइन् स्वर्गीय बसन्ती लालचन। दुई दशकअघि यो गीत निकै चर्चामा थियो । मुक्तिनाथ मन्दिरसँगै मार्फा गाउँ र स्याउबारीको गीतमा वर्णन गरिएको थियो। यो गीत जति चर्चामा आयो तर पर्यटक आकर्षित गर्न भने सकेन। मार्फाको वास्तविक मौलिकता र यसको महत्व कमैलाई मात्रै ज्ञान हुँदा पर्यटन प्रर्वद्धन हुन नसकेकै हो। मार्फा गाउँ धमाङपछिको स्थान्तरित प्राचीन बस्ती हो । जहाँ अलौकिक धार्मिक, सांस्कृतिक, सामाजिक र परम्परागत मौलिकता लुकेर बसेको छ। यही लुकेको अपार सम्पदालाई पर्यटन प्रवद्र्धनमा जोड्न चाहन्थे मार्फाली समुदाय । पछिल्लो समय आफ्नो गाउँभित्र लुकेको अपार सांस्कृतिक मौलिक सम्पदालाई जोगाएर राख्न सके। एक अजङ्गको पहाड । त्यसको फेदैमा क्या राम्रो चिटिक्क मिलेको मार्फा गाउँ। त्यही बस्ती हो, जहाँ गाउँभित्रको अद्भूत सांस्कृतिक सम्पदा लुकेका छन्। एक सय बढी घरधुरीको बसोबास रहेको मार्फामा कृषि र पर्यटनको प्रचुर सम्भावना रहेको छ। बगैँचामा लटरम्म स्याउ फलाउनु मार्फालीको दैनिकी थियो । तर, अचेल कृषि कर्मसँगै पर्यटनसँग समेत जोडिन थालेका छन्। स्याउ खेतीको पुख्यौली व्यवसाय अचेल पर्यटनमा जोडिन थालेको हो।

मुस्ताङमा पर्यटन क्षेत्रमा आएको उभार मुख्य सडक मार्ग सहज पहुँच नै हो। मुक्तिनाथ मन्दिर, कागबेनीधाम, लोमान्थाङ दरबार, कोरलानाका, छोसेर गुफा र ढुम्बातालसँगै थासाङ क्षेत्रमा थुप्रै पर्यटकीय गन्तब्यमध्ये मार्फा गाउँ पनि यहाँको मुख्य पर्यटकीय गन्तब्यका रुपमा विकास हुन थालेको मार्फाका स्थानीयबासी आइतप्रसाद हिराचन बताउँछन् । स्थानीय हिराचनका अनुसार दुई वर्षअघि सुनसान हुने मार्फा गाउँभित्रको गल्लीमा पर्यटकहरुको चहलपहल ब्यापक हुन थालेको उल्लेख गर्छन् । मार्फा गाउँभित्रको पुरानो बस्ती र बस्तीभित्रको परम्परागत सांस्कृतिक मौलिकता अवलोकन गर्न पर्यटकहरुको आगमन हुने गरेको स्थानीय हिराचनको भनाइ छ । उनका अनुसार दशैँ, तिहार र छठपर्वको बिदामा पर्यटकको भीड बढेको र यहाँका गल्लीभित्र मात्रै दैनिक १५ लाख रुपैयाँ बढीको आर्थिक कारोबार हुने गरेको जानकारी दिए। यहाँको मार्फा गाउँभित्र सदियौ वर्ष पुराना ढुङ्गा र माटोले निर्मित एकापसमा जोडिएका घरहरु जीवन्त छन्। राष्ट्रिय राजमार्गको बेनी—जोमसोम सडक नजिकै रहेको मार्फा गाउँको भित्री बस्ती हेर्न, फोटो, भिडियो र टिकटक बनाउन पर्यटकहरुको भीड नै लाग्ने गरेको पाइएको छ । मुक्तिनाथको दर्शन र कोरलानाका पुगेर फर्किएका पर्यटकहरु गाडी रोकेर दुई–तीन घण्टा सम्म बिताउने गरेको पाइएको छ।

चितवनबाट मुस्ताङ भ्रमण गर्न आएका पर्यटक विनोद ढकालले सडकको सहज पहुँच भइरहेकाले पर्यटकहरु मुस्ताङ घुम्न रुचाउने गरेको बताउनुभयो । यहाँका धार्मिक पावन भूमि मुक्तिनाथको दर्शन गरी मार्फाको सौन्दर्यता अवलोकन गर्न पाउँदा गौरान्वित भएको प्रतिक्रिया जनाए । यहाँको मार्फामा भाइरल भाइरल गल्लीहरु रहेको र साँघुरो गल्लीभित्रको यति ठूलो पर्यटकीय मानव सागर पहिलोपटक देखेको अनुभूति सुनाए। आफ्नै देशको यो ठाउँ र यहाँको सांस्कृतिक जीवन्त कला संस्कृति कमै भेटिने गरेकाले मार्फा गाउँको सौन्दर्यताले आफूलाई मोहित तुल्याएको उनले बताए।

मार्फा गाउँ पहाडको भिरालो सतहमा अवस्थित छ । वस्तीका सबै घरहरु एकापसमा गुजमुच्च जोडिएका छन्। गल्लीभित्र दर्जनां ़ शाखा गल्लीहरु रहेका छन्। मुख्य राजमार्ग सडकको उत्तर–दक्षिणसम्म मार्फा गाउँको लम्बाई करिव पाँच सय मिटरभन्दा बढी छ । यो दूरीमा रहेको मुख्य गल्लीभित्र चाहार्दै जाँदा दर्जनौं साघुरा शाखा गल्लीहरु भेटिन्छन् । जुन पर्यटकका लागि फरक अनुभूति दिलाउँछ । मकवानपुरबाट शिक्षकहरुसँगै मुस्ताङ भ्रमणमा आएका बिद्यार्थी टोली पनि मार्फा गल्लीमा भेटिए । टोलीका विद्यार्थी सीमा तामाङ र अनुस्का तामाङ मार्फा गल्लीभित्र मोवाइलबाट टिकटक बनाउन व्यस्त देखिन्थे । मुस्ताङको मार्फामा आएका थकाली र तिब्बतीय संस्कृति झल्काउन मौलिक वेषभूषा लगाएर टिकटक बनाउन खोजेको उनीहरुको भनाइ थियो। विद्यार्थी सीमा तामाङले भनिन्, 'मार्फा गाउँभित्र पसेर टिकटक बनाउन पाउँदा खुसी लागेको छ । सायद यहाँको प्राचीन संस्कृति निकै लोभलाग्दो रहेछ ।' अर्का विद्यार्थी अनुस्का तामाङले पुराना घरहरुमा लस्करै दाउरा पाजेर राखेको देख्दा कौतुहलता बढेको बताइन् । सबैसबै घरहरुको छत माथि लस्कर दाउरा पाजिएका छन्, के का लागि राखिएको होला कुन्नि ? उनले प्रतिप्रश्न गरिन्। सहरको कोलाहल र प्रदूषणभन्दा यहाँको हावापानीको स्वच्छता र शान्तमय वातावरणले आफूहरु प्रफुल्ति भएको सुनाइन्।

यहाँको मार्फा गाउँमा सडक सञ्जालको पहुँच राम्रो नहुँदा आकलझुकल विदेशी पर्यटकहरु पुग्थे, तर अचेल मार्फा गाउँमा आन्तरिक पर्यटकहरु आइरिन थालेका छन् । मार्फा गाउँभित्रको गल्लीमा दर्जनौ पर्यटक लक्षित होटलहरु सञ्चालनमा छन् । पछिल्लो समय सडक सहज भएसँगै कतिपय मार्फाली समुदाय सडकमार्गसँगै जोडिएका स्याउ बगैंचा मासेर आधुनिक प्रकारका कंक्रिट ठूला पर्यटक लक्षित होटलहरु निर्माण गर्ने होटबाजी नै चलेको छ।

घरपझोङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले मार्फा गाउँभित्र कसैले पनि पुराना घरहरु मासेर आधुनिक घरहरु निर्माण गर्न नपाइने गाउँलेहरुले नियम बनाएको जानकारी दिए । यहाँको गल्लीभित्रको सम्पदा पर्यटकीय तथा सांस्कृतिक सम्पत्ति भएकाले यसलाई मासेर आधुनिकतातर्फ लम्किनु आत्मघाती हुने भएकाले मार्फा गाउँबासी यसतर्फ सचेत रहेको बताए।

पर्वतका नितेन श्रेष्ठले मुस्ताङ योसँगै तेस्रोपटकको भ्रमण रहेको बताए । मोटरसाइकल चढेर साथीहरुसँगै मुक्तिनाथ दर्शन र कोरलानाका घुम्ने योजना बनाएका श्रेष्ठले मार्फा गाउँमा भ्रमण यात्रा शुरु गरेको जानकारी दिए। 'पहिलो पटक तीन वर्षअघि आउँदा यहाँ कोही पर्यटक आएको देखिएको थिएन, अहिले तेस्रोपटक आउँदा यहाँ आउँदा त पर्यटकले थेगिसक्नु रहेछ,' श्रेष्ठले भने, 'गाउँभित्रको सौन्दर्यता बढाइएको रहेछ, गल्लीगल्लीमा नामाकरण गरिएको रहेछ ।' मार्फा गाउँले पर्यटन बढाउने तरिका अपनाएकै कारण यस ठाउँको महत्व बढेको श्रेष्ठले सुनाए।

पोखराकी सोनी गुरुङ पनि मार्फामा साथीहरुसँगै भेषभूषा लगाएर टिकटक बनाउँदै थिइन् । यसैबीचमा उनलाई सोधिएको प्रश्नमा सोनी भन्छिन्, 'मुस्ताङ जिल्ला स्वर्गको एक टुक्रा हो, यहाँ आएपछि सबै दुःख पीडा थकान बिर्साइदिन्छ, साँच्चै मुस्ताङ एक पटक घुम्नै पर्ने जिल्लाको हो ।' मुस्ताङ घुम्ने क्रममा मार्फा गाउँमा पस्दा निकै रमाइलो अनुभूति भइरहेको सोनीले उल्लेख गरिन् । पर्यटकको भीडले गल्ली पूरै भरिएको देख्दा ठमेल बजारको याद दिलाइएको सोनीले उल्लेख गरिन् । यहाँभित्र गल्लीगल्लीहरु चाहर्दा पृथक प्रकारको रमाइलो भएको उनको भनाइ छ ।मुस्ताङ भ्रमणका लागि मार्फा आउनु भएका भक्तपुरका पर्यटक सुर्दशन न्यौपानेले धार्मिक तथा पर्यटकीय जिल्लाको पर्यटन प्रर्वद्धनका निम्ति सरोकारवाला निकायहरु सचेत रहनुपर्ने सुझाए । मुस्ताङ पर्यटकीय हब भइसकेको र यसको उपयुक्त व्यवस्थापन गर्न नसकेमा दुरगामी असर पार्ने उल्लेख गर्नुभयो। यहाँ आएका पर्यटकहरुले बुक गरेका होटलहरु पनि सञ्चालकहरुले धोका दिएर बढी मूल्यमा अरुलाई दिने गरेको र यसले मुस्ताङको छविलाई बिगार्ने भएकाले त्यस्तो नगरिदिन अनुरोध गरे। मुस्ताङ भ्रमण गर्न आएका पर्यटकहरुमध्ये कतिपयले होटल र खान बस्नको सुविधा नपाउँदा सास्ती पाएको बताए। यहाँको मार्फा गाउँभित्र सम्तेन ध्योलिङ बुद्धिस गुम्बा छ । गाउँभित्रको बिजुलीका तारहरु समेत पूरै भूमिगत गरिएको छ भने गाउँभित्रका घरहरुमा लस्करै लुङ्ता झुन्डइएका पनि मार्फा गाउँभित्रको सौन्दर्यता बढाइदिएको छ । स्याउ बगानमा लटरम्म स्याउ फल्ने याममा पर्यटकहरु स्याउ बगैंचा अवलोकन गरे बेग्लै अनुभूति लिनसक्ने सुविधा छ। पछिल्लो समय घरपझोङ गाउँपालिकाले गाउँ नजिकैको थुम्को स्टेट फ्रि टावर निर्माण गरेको छ । टावरमा पुगेका पर्यटकले मार्फा गाउँको सौंन्दयैता अवलोकन गर्न पाउँछन्। मार्फामा आधा दर्जनभन्दा बेसी स्याउको प्रशोधित डिस्टिलरी सञ्चालनमा छन् । डिस्टिलरीमा पर्यटकले ब्रान्डी बनाएको समेत हेर्न सकिने सुविधा छ।

यसैगरी मुस्ताङमा स्याउ उत्पादन तथा स्याउ प्रविधि प्रशारणका लागि स्थापित ५० वर्ष पुरानो शीतोष्ण बागवानी विकास केन्द्र छ । यहाँ पर्यटकहरुले कृषिसम्बन्धी सम्पूर्ण जानकारी हासिल गर्न सक्छन्। यहाँको मार्फा गाउँ पर्यटकीय गन्तब्यका रुपमा मात्रै होइन स्वदेशी तथा विदेशी चलचित्र केन्द्रको रुपमा समेत विकास हुन थालेको छ । मार्फामा नेपाली चलचित्र जेरी, कबड्डी, प्रेम गीतलगायतका दर्जनौं चलचित्र छायाङ्कन भइसकेको छ । यहाँको परम्परागत धर्म संस्कृति र रीतिरिवाज र थकाली सभ्यता र यहाँको प्राकृतिक सौन्दर्यताका कारण मुस्ताङको मार्फा चलचित्र स्पटको रुपमा समेत चिनिन थालेको हो। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सरकारको सम्पत्तिको एकीकृत वार्षिक विवरण पेस



**काठमाडौँ ।**
महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकारको गत आर्थिक वर्ष २०८१–८२ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन र नेपाल सरकारको सम्पत्तिको एकीकृत वार्षिक विवरण पेस गरेको छ ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेलले शुक्रवार अर्थमन्त्री रामेश्वरप्रसाद खनालसमक्ष यी प्रतिवेदन तथा विवरणहरु पेस गरेका हुन ।

त्यस्तै, महालेखा नियन्त्रक कार्यालयले आजै केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तथा नेपाल सरकारको चल, अचल सम्पत्ति र दायित्वको एकीकृत वार्षिक विवरण महालेखा परीक्षकको कार्यालयमा पेस गरेको छ ।

महालेखा नियन्त्रक कार्यालयका प्रवक्ता दीपक लामिछानेका अनुसार नेपाल सार्वजनिक क्षेत्र लेखामान तथा महालेखापरीक्षकबाट स्वीकृत लेखा ढाँचाअनुरुप तयार पारिएको यी विवरण एवम् प्रतिवेदनमा नेपाल सरकारको बजेट र एक्स्ट्रा बजेटरी निकायका प्रचलित कानुनले तोकेका विवरणहरु समावेश गरिएका छन् ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१–८२ मा नेपाल सरकारको सञ्चित कोष एक खर्ब ९६ अर्ब ३४ करोड ५९ लाख रुपैयाँले ऋणात्मक तथा नगद अवस्था ३१ अर्ब ३४ करोड ६१ लाख रुपैयाँले ऋणात्मक छ ।

यद्यपि, विभिन्न कोषहरुको मौज्दात एवं एक्स्ट्रा बजेटरी निकायको बाँकी मौज्दात रकमका आधारमा नगद तथा बैङ्क मौज्दात ६५ अर्ब ८१ करोड २६ लाख रुपैयाँले धनात्मक देखिएको प्रवक्ता लामिछानेले जानकारी दिए ।रासस

# कांग्रेस केन्द्रीय समितिको बैठक स्थगित




**ललितपुर ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक स्थगित भएको छ ।

बैठक आइतबारसम्मका लागि स्थगित भएको पार्टी प्रवक्ता डा प्रकाशशरण महते जानकारी दिए । गत असोज २८ गतेदेखि सुरु भएको सो बैठक यही कात्तिक १ गते स्थगित भएपछि पुनः कात्तिक १३ गते पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको थियो ।

बैठकमा केन्द्रीय सदस्यहरू मानबहादुर विश्वकर्मा, कृष्णचन्द्र नेपाली पोखरेल, बहादुर सिंह (लामा) तामाङ, रमा कोइराला (पौडेल), टेकप्रसाद गुरुङ, राजेन्द्रकुमार केसी, रङ्गमती शाही, मदनकृष्ण श्रेष्ठ, सीताकुमारी राना, विद्यादेवी तिमिल्सिना, शान्ति परियार विक, लक्ष्मी खतिवडा, आमन्त्रित केन्द्रीय सदस्य पुष्पराज पराजुली, आमन्त्रित प्रदेश सभापति इन्द्रबहादुर बानियाँ (बागमती) र अमरसिंह पुन (लुम्बिनी)ले आ–आफ्नो धारणा राखेका थिए ।

गत असोज २८ गते पार्टी सभापति शेरबहादुर देउवाले सम्बोधन गरी उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएसँगै स्थगित भएको बैठक असोज ३० र ३० गते कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको थियो ।

असोज ३१ गतेको बैठकमा केन्द्रीय सदस्यहरू रमेश रिजाल, जीपछिरिङ लामा, दिलेन्द्रप्रसाद बडू, अर्जुनप्रसाद जोशी, पुष्पा भुसाल, प्रदीप पौडेल, डा डिला सङ्ग्रौला, डा गोपाल दहित, सञ्जयकुमार गौतम, मानबहादुर नेपाली, गोविन्दबहादुर शाह, महिन्द्रकुमारी लिम्बू, डा चन्द्रमोहन यादव, मैकुलाल वाल्मिकी, सरस्वती बजिमय, मुक्ताकुमारी यादव, कान्तिका सेजुवाल, दिनेश कोइराला, सुशीला थिङ र भरतकुमार शाह तथा आमन्त्रित सदस्य नारायणी रायमाझी र आमन्त्रित प्रदेश सभापतिहरु उद्धव थापा (कोशी), शुक्रराज शर्मा (गण्डकी), ललितजङ्ग शाही (कर्णाली) तथा वीरबहादुर बलायर (सुदूरपश्चिम)ले आ–आफ्नो धारणा राख्नु भएको थियो ।

त्यस्तै असोज ३० गतेको बैठकमा केन्द्रीय सदस्यहरू डा शेखर कोइराला, मोहनबहादुर बस्नेत, देवेन्द्रराज कँडेल, शिवप्रसाद हुमागाइँ, राजीव कोइराला, गुरू बराल र नृपबहादुर वडले आ–आफ्नो धारणा राखेका थिए ।

केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुका साथै आमन्त्रित केन्द्रीय सदस्य र प्रदेश सभापतिहरुसमेत एक सय ६५ सदस्यले भाग लिने केन्द्रीय कार्यसमिति बैठकमा बाँकी पदाधिकारी एवम् सदस्यहरुले विभिन्न १० प्रस्तावबारे धारणा राख्ने कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले बताए ।

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा जेनजी आन्दोलन र विकसित पछिल्लो राजनीतिक घटनाक्रम, पार्टीको १५औँ महाधिवेशनको तयारी, प्रतिनिधिसभा विघटन र सरकारद्वारा घोषित आगामी फागुन २१ गतेको निर्वाचन, मुलुकको शान्ति सुरक्षा एवम् सुशासनको अवस्था, प्राकृतिक विपद् र क्षतिपूर्ति तथा पुनःनिर्माण, कार्यसम्पादन समितिको निर्णय र अनुशासनसम्बन्धी व्यवस्थालगायत विषयमा छलफल जारी रहेको केन्द्रीय सदस्य मदनकृष्ण श्रेष्ठले जानकारी दिए ।रासस

# जनजातिको अधिकार कार्यान्वयनमा तदारुकता जरुरी

**काठमाडौँ।**
राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले आदिवासी जनजातिको अधिकार कार्यान्वयनका लागि राज्य, सरकार र संवैधानिक आयोगबीच सहकार्य एवं तदारूकता आवश्यक रहेको बताएका छन्।

आदिवासी जनजाति आयोगले शुक्रवार आयोजना गरेको 'आयोगका सिफारिस कार्यान्वयनका समस्याहरू र आगामी कदमबारे बृहत् अन्तरक्रियात्मक कार्यक्रम'लाई सम्बोधन गर्दै अध्यक्ष दाहालले यस्तो बताएका हुन्। अध्यक्ष दाहालले आदिवासी जनजाति आयोगले गरेका सिफारिसहरूमध्ये थोरै मात्र कार्यान्वयन भएको र अधिकांश कार्यान्वयन नभएको भन्दै यसलाई गम्भीर चिन्ताको विषयका रूपमा लिनुपर्ने बताए । उनले भने, 'आयोगको प्रतिवेदन अध्ययन गर्दा सिफारिस तथा सुझावहरूको कार्यान्वयनको अवस्था कमजोर देखिन्छ, यो विषयमा राज्यका सबै अङ्गहरूको तदारूकता आवश्यक छ।'



अध्यक्ष दाहालले आयोगका प्रतिवेदनहरू राष्ट्रपतिसमक्ष पेस भए पनि तिनका सिफारिस र सुझावहरू कार्यान्वयनमा नआएको गुनासो दोहोरिइरहेको भन्दै संसद्, सरकार र आयोगबीच समन्वय अभिवृद्धि गर्नुपर्ने बताए। उनले थपे, 'संसद्को भूमिका ऐन–कानुन निर्माणको हो। त्यसका लागि सरकारले संसदमा बिजनेस ल्याउनुपर्छ । प्रतिनिधिसभा विघटनको अवस्थामा राष्ट्रियसभाले संवैधानिक सीमाभित्र रहेर सहकार्य गर्न तयार छ।'

नेपालको संविधान र कानुनी व्यवस्थाअनुसार आदिवासी जनजाति आयोग गठन गरिएको उल्लेख गर्दै अध्यक्ष दाहालले आयोगको गठन आदिवासी जनजातिको लामो सङ्घर्षको उपलब्धि रहेको बताए । उनले भने, 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना आदिवासी, जनजातिलगायत उत्पीडित वर्गको बलिदान र सङ्घर्षको प्रतिफल हो । यस उपलब्धिको रक्षा गर्नु सबैको साझा जिम्मेवारी हो।'

नेपालको कुल जनसंख्याको करिब ३८ प्रतिशत जनसंख्या आदिवासी, जनजाति समुदायको भए पनि उनीहरू सबै क्षेत्रमा पछाडि पारिएको र समान प्रतिनिधित्व नपाएको उल्लेख गर्दै दाहालले राजनीतिक परिवर्तनका हरेक चरणमा आदिवासी जनजातिको योगदानलाई स्मरण गरे । संविधानमा सुनिश्चित अधिकारहरू विशेषगरी धारा ३२ अन्तर्गत भाषा तथा संस्कृतिको हक र धारा ४२ अन्तर्गत सामाजिक न्यायको हक कार्यान्वयनको चरणमा रहेको उल्लेख गर्दै उनले आवश्यक ऐन कानुन समयमा बनाउन नसक्दा केही निराशा देखिएको बताए । 'प्राप्त उपलब्धिलाई कमजोर पार्ने षड्यन्त्रहरू भइरहेका छन्,' उनले भने, 'हामीले त्यस्ता प्रयासहरूलाई परास्त गर्दै सचेतना र एकता बलियो बनाउनुपर्छ।'

आयोगका छैटौँ वार्षिक प्रतिवेदनमा सार्वजनिक संस्थानहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व अझै सीमित रहेको तथ्याङ्क प्रस्तुत भएको उल्लेख गर्दै अध्यक्ष दाहालले समावेशीकरणको नीति अपेक्षाअनुसार प्रभावकारी हुन नसकेको टिप्पणी गरे । उनले सरकार र सम्बन्धित निकायहरूलाई यसतर्फ गम्भीर बन्न आह्वान गरे।

उनले आयोगलाई पर्याप्त साधन, स्रोत र अधिकारसहित सशक्त बनाउन आवश्यक रहेको बताउँदै राष्ट्रियसभाको तर्फबाट सहयोग गर्न आफू प्रतिबद्ध रहेको स्पष्ट पारे । 'संविधानले प्रत्याभूत गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई ऐन कानुन निर्माणमा गम्भीर ध्यानाकर्षण गराउन आयोगको भूमिका बढाउनुपर्छ,' उनले जोड दिए। अध्यक्ष दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल मर्म विविधता, समानता र समावेशितामा निहीत रहेको भन्दै त्यसको संरक्षण र प्रवर्द्धनका लागि साझा प्रयास जारी राख्न सबैलाई आग्रह गरे।रासस

# वार्ता र संवादबाट समस्या समाधान गर्नुपर्नेः मुख्यमन्त्री

**विराटनगर ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रबीच देखिएको समस्या वार्ता र संवादबाट टुङ्ग्याउन आग्रह गरेका छन् ।

मुख्यमन्त्री कार्कीले शुक्रवार प्रेस विज्ञप्ति जारी गर्दै उद्योगहरुमा विद्युत् लाइन काटिँदा उत्पादन र रोजगारीमा असर परेकाले वार्ता र संवादमार्फत विद्युत् कटौतीसम्बन्धी समस्या यथासक्य छिटो समाधान गर्न अनुरोध गरेका हुन ।

यसैगरी उनले आर्थिक क्षेत्रमा देखिएका समस्याहरू क्रमशः समाधान हुँदै गइरहेको अवस्थामा गत भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा मुलुकको निजी उद्योग व्यवसाय, सुपरमार्केट, सञ्चार क्षेत्रमा आगजनी तथा तोडफोड भएसँगै लगानीको वातावरण बिग्रिएकाले सुरक्षाव्यवस्था सुनिश्चित गर्न र विद्युत् कटौतीसम्बन्धी समस्या समाधान गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गएका छन् । रासस

# निगमको महाप्रबन्धक खुला प्रतिस्पर्धाबाट

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले नेपाल वायु सेवा निगमको महाप्रबन्धक खुला प्रतिस्पर्धाबाट चयन गर्ने निर्णय गरेका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समेत जिम्मेवारी संहालेका प्रधानमन्त्री कार्कीले खुला प्रतिस्पर्धाबाट योग्य उम्मेदवार छनेट गरी सिफारिस गर्न पर्यटन मन्त्रालयका सचिव हरिप्रसाद मैनालीको संयोजकत्वमा समिति गठन गरेका हुन ।

समितिमा क्याप्टेन कुलबहादुर लिम्बु विज्ञ सदस्य चयन भएका छन् । मन्त्रालयका योजना तथा प्रशासन महाशाखा प्रमुख एवं सहसचिवले सदस्य सचिवको काम गर्ने छन् ।

समितिले एक महिनाभित्र खुला प्रतिस्पर्धाबाट योग्य उम्मेदवार छनेट गरी सिफारिस गर्नुपर्नेछ ।

खुला प्रतिस्पर्धाबाट नयाँ महाप्रबन्धक नियुक्त नभएसम्मका लागि निगमकै वरिष्ठतम् कर्मचारी उपमहानिर्देशक जनकराज कालाखेतीले निमित्त महाप्रबन्धक भई काम गर्ने छन् । त्यसैगरी निगमको सञ्चालक समिति अध्यक्षको काम अर्को व्यवस्था नभएसम्म उपाध्यक्ष विक्रम राईले गर्ने मन्त्रालयका प्रवक्ता रामकृष्ण लामिछानेले जानकारी दिए । रासस

# क्षति मूल्याङ्कन गर्न ४४ जिल्लामा ३८ टोली परिचालन

**काठमाडौँ ।**
गत भदौ २३ र २४ गतेको 'जेन्जी' प्रदर्शनका क्रममा सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा भएको क्षतिको मूल्याङ्कन गर्न तथा पुनःनिर्माण योजना तयार गर्नका लागि अध्ययन गर्न ४४ जिल्लामा ३८ वटा टोली परिचालन गरिएका छन् ।

राष्ट्रिय योजना आयोगका सहायक प्रवक्ता डा दिवाकर लुइँटेलका अनुसार आगामी हप्ताभित्र सबै क्षतिको विवरण सङ्कलन गरिसक्ने गरी टोली परिचालन गरिएको हो ।

तथ्याङ्क सङ्कलनमा एकरुपता तथा सहजताका लागि आयोगले 'क्षति मूल्याङ्कन सर्वेक्षण पोर्टल' समेत सञ्चालन गरेको र सम्बन्धित स्थानीय तह तथा प्रदेश र सङ्घका कार्यालयले अनलाइनमार्फत क्षतिको विवरण पेस गर्नुपर्ने व्यवस्था गरिएको उनले जानकारी दिए ।

'प्रदर्शनका क्रममा क्षति पुगेका ४४ जिल्लाका करिब २६० हाराहारी पालिका, सबै प्रदेश र सङ्घीय सरकारका विषयगत मन्त्रालय एवं केन्द्रीय निकायलाई 'युजरनेम' र 'पासवर्ड' उपलब्ध गराइएको छ । सङ्कलित तथ्याङ्क तथा विवरण सर्वेक्षण पोर्टलमा राख्नुपर्नेछ,' सहायक प्रवक्ता लुइँटेलले भने । तथ्याङ्क उपलब्ध गराउनका लागि सम्बन्धित पालिका, प्रदेश कार्यालय तथा सङ्घीय निकायलाई जिम्मेवार बनाइए पनि सहजीकरणका लागि प्राविधिक जनशक्तिसहितको टोली खटाइएको आयोगले जनाएको छ । आइतबारसम्म सबै टोली कार्यस्थलमा पुगिसक्ने र एक हप्ताभित्र तथ्याङ्क संकलन गरिसक्ने लुइँटेलले बताए ।

यसअघि, प्रदर्शनका क्रममा सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानमा भएको क्षतिको मूल्याङ्कन तथा पुनःनिर्माण योजना तयारीका लागि गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकबाट राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको थियो । उक्त समितिलाई क्षतिको मूल्याङ्कन र पुनःनिर्माण योजना तयार गर्नेगरी कार्यादेश दिइएको छ ।

यस्तै, योजना आयोगका सहसचिवको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ, गृह, सङ्घीय मामिला तथा सामान्य प्रशासन, सहरी विकास मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका सहसचिवको प्रतिनिधित्व रहेनगरी सहजीकरण उपसमितिसमेत गठन गरिएको छ । योजना आयोगका सहसचिवको नेतृत्वमा सचिवालय गठन गरिएको छ ।

यस्तै, आयोगका अनुसार उपसचिवको नेतृत्वमा ४१ जिल्लामा ३४ र उपत्यकाका तीन जिल्लामा चार वटा टोली गरी ३८ टोली परिचालन गरिएको छ । साथै सुपरीवेक्षणका लागि सहसचिवको नेतृत्वमा सबै प्रदेश र उपत्यकामा गरी ११ वटा टोली परिचालन गरिएका छन् ।रासस

# राष्ट्रपति पौडेल कात्तिक १७ गते कतार जाँदै

काठमाडौँ ।
राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा यही कात्तिक १८ देखि २० गतेसम्म आयोजना हुने 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा सहभागी हुने भएका छन् ।

कतारका अमिर शेख तमिम बिन हमद अल थानीको निमन्त्रणमा १२ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनि सम्मेलनमा सहभागी हुन लागेका परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले जानकारी दिए । सो औपचारिक भ्रमणका लागि उनी यही कात्तिक १७ गते त्यसतर्फ प्रस्थान गर्ने उनले बताए । राष्ट्रपति पौडेलले सम्मेलनको मुख्य सत्रलाई कात्तिक १८ गते सम्बोधन गर्ने छन् ।

संयुक्त राष्ट्रसङ्घको महासभाको निर्णयअनुसार हुन लागेको सम्मेलन सदस्य राष्ट्रका लागि धेरै महत्त्वपूर्ण हुने विश्वास लिइएको छ । भ्रमणबारेमा जानकारी दिन शुक्रबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सचिव राईले ३० वर्षपछि हुन लागेको सो दोस्रो सम्मेलनको महत्त्व र गरिमा अनुरूप नेपालबाट राष्ट्रपतिको सहभागिता हुन लागेको उल्लेख गरे । सम्मेलनका दौरान राष्ट्रपति पौडेलसँग कतारका अमिर र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विभिन्न विशिष्ट व्यक्तिहरूको भेटवार्ता हुनेछ ।

यसअघि उक्त सम्मेलन १९९५ मा डेनमार्कको कोपनहेगनमा भएको थियो । यसपटक सम्मेलन कतारले आयोजना गरेको हो । सम्मेलनमा वर्तमान विश्वले सामना गर्नुपरेको विकासको असमानता, जनसंख्यामा आएको असन्तुलन र प्रविधिका कारण समाजमा परेको प्रभावलगायत विषयमा विभिन्न कोणबाट गहन छलफल हुने बताइएको छ । सचिव राईले भने, 'सम्मेलनले सामाजिक विकासका लागि सहकार्य र सहयोगका विषयमा साझा प्रतिबद्धता जाहेर गर्नेछ ।'

संयुक्त राष्ट्रसङ्घको १९५५ मा सदस्य भएपछि नेपाल शान्ति र स्थायित्वका लागि सधैँ सक्रिय र प्रतिबद्ध सदस्य रहिआएको छ । राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्को हाल नेपाल अध्यक्ष रहेकाले पनि सम्मेलनमा नेपालको सहभागिता अर्थपूर्ण छ । कतारको औपचारिक भ्रमण पूरा गरी राष्ट्रपति पौडेल कात्तिक २० गते स्वदेश फर्कने मन्त्रालयले जनाएको छ ।रासस

# राप्तीसोनारीका महिला बाख्रापालनमा आकर्षित

**बाँके।**
राप्तीसोनारी गाउँपालिकाका किसान महिला पछिल्लो समयमा बाख्रापालनतर्फ आकर्षित भएका छन्।

बाख्रापालनबाटै राम्रो आम्दानी हुने भएपछि किसान महिला बाख्रापालनतर्फ आकर्षित भएको राप्तीसोनारी–६ टेपरीस्थित नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थाकी प्रबन्धक दिव्या गुरुङले बताए।

उनका अनुसार सहकारी संस्थामार्फत बनाइएका विभिन्न समूहमा आबद्ध किसान महिलाले बाख्रापालन गर्दै आएका छन। राप्तीसोनारीमा वन क्षेत्र बढी भएका कारण पनि यहाँका किसान बाख्रापालनतर्फ आकर्षित भएका हुन्।

किसानले पालेका खसीबोका सहकारी संस्थामार्फत बिक्री गर्दै आएका छन्। किसानसँग सहकारीले खरिद गर्ने र सहकारीले जिल्ला बाहिरका व्यापारीलाई प्रतिकिलो १० रुपैयाँ नाफा खाएर बिक्री गर्दै आएका छन् । अन्य समयभन्दा दशैंतिहारको समयमा बढी खसीबोका बिक्री हुने गरेको छ।

राप्तीसोनारी–६ टेपरीस्थित नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थाले मात्र यो वर्ष किसानले उत्पादन गरेका एक सयभन्दा बढी खसीबोका खरिद बिक्री गरेको छ । यसबाट किसान महिलाले करिब १९ लाख रुपैयाँ आम्दानी गर्न सफल भएको संस्थाकी प्रबन्धक गुरुङको भनाइ छ।

बाख्रापालनबाट राप्तीसोनारीका महिला किसान आत्मनिर्भरसमेत बन्दै गएका छन् । दशैंतिहारजस्ता ठूला पर्व मनाउने पैसा खसीबोका बिक्री गरेर आम्दानी गर्ने गरेको राप्तीसोनारी–७ का अगुवा लालबहादुर थापाले बताए।

राप्तीसोनारी–७ लालपुरमा रहेको परिवर्तन सामाजिक उद्यमी महिला सहकारी संस्थाले यो वर्ष दशैंतिहारमा करिब ३२ लाख रुपैयाँका दुई सय बढी खसीबोका किसानबाट खरिद गरी बिक्री गरेको संस्थाका व्यवस्थापक पम्फा परियारले जानकारी दिए।

राप्ती सोनारी गाउँपालिकाको खासकुस्मा, कचनापुर, महादेवपुरी, बिनौना र बैजापुरमा पनि किसान महिलाले बाख्रापालन गर्दै आएका छन।

बाँके जिल्लाभरिबाट यस वर्षको दशैंतिहारमा दुई करोड रुपैयाँ बढीका खसीबोका जिल्लाका विभिन्न सहकारी संस्थामार्फत बिक्री भएको उनको अनुमान छ।

सहकारीमार्फत गठन गरिएका ५९ समूहमा एक हजार किसान महिला सदस्य छन् । तीमध्ये हाल करिब छ सय किसान महिलाले व्यावसायिक बाख्रापालन गर्दै आएका छन् । सहकारीबाट खसीबोका तथा बाख्रापालनका लागि ऋणसमेत उपलब्ध गराउँदै आएको सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी संस्थाकी प्रबन्धक गुरुङले बताए।

हेफर इन्टरनेसनललगायतका सङ्घसंस्थाले समेत बाँकेका बाख्रापालक किसान महिलाले उत्पादन गरेका खसीबोकाको बजारीकरणमा सहयोग गर्दै आएका कारण बाख्रापालनबाट किसान महिला आत्मनिर्भर बन्दै गएको राप्तीसोनारी गाउँपालिका–७ का वडाध्यक्ष रामलखन चौधरीले बताए।

राप्तीसोनारी गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले राप्तीसोनारी गाउँपालिका बाख्रापालनका लागि पकेट क्षेत्र भएको उल्लेख गरे । बाख्रापालनमा किसानलाई आकर्षित गर्न गाउँपालिकाले आवश्यक पहल गरिरहेको उनको भनाइ छ।रासस

# घरजग्गा कारोबार गर्ने कम्पनीलाई अनुमतिपत्र दिइने

**काठमाडौँ।**
भूमि व्यवस्थापन तथा अभिलेख विभागले घरजग्गाको कारोबार गर्ने कम्पनीका लागि अनुमतिपत्र प्रदान गर्ने भएको छ ।

विभागले एक सूचनामार्फत तीन करोड रुपैयाँ भन्दा बढीको कारोबार गर्ने कम्पनीलाई अनुमति प्रदान गर्न लागिएकाले आवेदन दिन आग्रह गरेको छ ।

अनुमतिपत्र लिन चाहने कम्पनीले एक महिनाभित्र आवेदन दिन सक्नेछन् । विभागको सूचनाअनुसार एकपटकमा पाँच करोड रुपैयाँ सम्मको कारोबार गर्ने कम्पनीले पाँच लाख रुपैयाँ र त्यसभन्दा बढी कारोबार गर्ने कम्पनीले १० लाख रुपैयाँ बराबरको शुल्क तिर्नुपर्नेछ ।

सरकारले गत असोज २७ गते राजपत्रमा सूचना प्रकाशित गर्दै घरजग्गासम्बन्धी कारोबार गर्ने कम्पनीले अनुमतिपत्र लिनसक्ने व्यवस्था गरेको थियो । राजपत्रमा प्रकाशित सूचनामा छवटा महानगर र ११ वटा उपमहानगरपालिकालाई कार्यक्षेत्र चयन गरिएको उल्लेख थियो ।रासस

# मजदुरदेखि सफल व्यावसायिक किसानसम्मको प्रेरणादायी यात्रा



**कञ्चनपुर।**
विगतमा अरूको खेतमा मजदुरी गरेर गुजारा चलाउने बेदकोट नगरपालिका–१ चम्फापुरका जयप्रकाश राना अहिले आफ्नै बारीमा दर्जनौँ किसानलाई रोजगारी दिनसक्ने सफल व्यावसायिक किसान भएका छन् ।

दुई दशकदेखि निरन्तर तरकारीखेतीमा संलग्न रानाले नर्सरीमा तरकारीका बिरुवासँगै तरकारी उत्पादन गरी बिक्री गरेर वार्षिक रूपमा १५ लाख रुपैयाँ बढी आम्दानी गर्दै आएका छन् । मेहनत, सीप र आत्मविश्वासको बलमा उनले आफ्नो जीवनमात्र होइन । गाउँको कृषि अभ्यासलाई परिवर्तन गरेका छन् । उनको प्रेरणाले अन्य किसान पनि व्यावसायिक तरकारीखेतीमा संलग्न भएका छन् ।

कडा परिश्रम, आत्मविश्वास र सीपको भरमा तरकारीखेतीलाई जीवनको प्रमुख व्यवसायमा रानाले रूपान्तरण गरेका छन । उनका प्लाष्टिकको टनेलभित्रका हरिया बारी र उन्नत नर्सरीले स्थानीयलाई मात्र होइन, टाढा–टाढाका किसानलाई समेत प्रेरणा दिएको छ ।

सूर्योदय हुनुअघि नै तरकारीको बिरुवा स्याहार्ने कार्यबाट उनको दिनको सुरुआत हुन्छ । राजमार्गसँगै जोडिएको उनको नर्सरीबाट बिरुवा खरिद गर्ने किसानको दिनहुँ भीड लाग्ने गर्दछ । उन्नत बीउका कारण टाढाका गाउँ र नगरका किसान उनकै बारीमा बिरुवा खरिद गर्न आउने गर्दछन् ।

रानाले काउली, गोलभेँडा, ब्रोकाउली, रायो, भण्टा, सिमला मिर्चा, प्याजलगायतका बिरुवा बारीमा उत्पादन गरेका छन् । त्यही नर्सरीका बिरुवाबाट उनले आफ्नो खेतमा व्यावसायिक तरकारीखेती पनि गर्छन् । अतिरिक्त रूपमा धनियाँ, लौका, तीतेकरेला, फर्सी र काँक्रासमेत खेती गर्छन् ।

विसं २०५८ देखि निरन्तर कृषिमा संलग्न राना विगतमा अरूको खेतमा मजदुरी गरेर गुजारा चलाउँथे । 'पहिले अरूको खेतमा बेर्ना तयार गर्न र रोप्न माटो तयार गर्थे, मल हाल्थे विषादी छर्किन्थे, बेर्ना हुर्काउँथे, बिरुवा स्याहार्ने कार्य गर्दथे', रानाले भने, 'त्यही क्रममा खेतीका तौरतरिका सिके र आफूले पनि गर्ने हिम्मत गरे, व्यावसायिकखेती गर्ने निधो गरी लागे ।'

थोरै पुँजी र ठूलो जोशका साथ राजमार्ग नजिकैको खेतमा पहिलोपटक तरकारीका बिरुवाको नर्सरी सुरु गरेको विगत सम्झँदै उनले भने, 'सुरुका वर्षमा उत्पादन कम भए पनि सबै बिरुवा बिक्री भएपछि सोचेभन्दा बढी नै आम्दानी भयो, त्यो आम्दानीले तरकारीखेती गर्ने आत्मविश्वास पलायो, त्यसपछि तरकारीका बेर्नाको नर्सरी तयार गरी बिरुवा बेच्न थालेँ, तरकारीखेती गरी तरकारी बेच्न सुरु गरेँ, आम्दानी बढ्दै गयो, त्यसपछि पैसाका लागि अरुसँग हात थाप्नै परेन ।'

एक बिघा र चार बिघा लिजमा लिएर तरकारीखेती हुने गरेको छ ।

नर्सरीबाट मात्र वार्षिक करिब पाँच लाख रुपैयाँ र तरकारीखेतीबाट करिब १० लाख रुपैयाँ आम्दानी हुने गर्दछ । 'पहिले महिनामा तीन हजार जति पारिश्रमिक पाउथेँ, अहिले खेतीबाट लाखौँको कारोबार हुन्छ', उनि हाँस्दै भन्छन ।

उन्नत बीउ, टनेलखेती र विद्युतीय सिँचाइ प्रणालीका कारण उनको तरकारीको उत्पादन गुणस्तरीय हुने भएकाले बजारमा सहजै बिक्री हुन्छ । बजारसम्म तरकारी ढुवानी गर्न उहाँले आफ्नै अटो खरिद गर्नुभएको छ । 'पहिले साइकलमा बजारसम्म तरकारी पुर्याएर बेच्थेँ, त्यसपछि मोटरसाइकलमा राखेर तरकारी बेच्न थालेँ, अहिले अटोमै तरकारी बेच्न जान्छु', उनि गर्वका साथ भन्छन, 'कृषि पेसालाई सही तरिकाले गरे जीवन नै बदलिने रहेछ ।'

तरकारीखेतीले उहाँको जीवनस्तरमा ठूला परिवर्तन ल्याएको छ । पहिले कच्ची टायलको घरमा बस्ने राना अहिले चारकोठे पक्की घरमा परिवारसहित बस्छन । उनले तरकारीखेतीकै कमाइबाट दुईवटा मोटरसाइकल पनि खरिद गरेका छन । रानाको नर्सरीका बिरुवा अहिले कञ्चनपुरको दैजी, सिसैया, महेन्द्रनगर र झलारीसम्मका किसानले बारीमै पुगेर खेतमा रोप्नका लागि लैजाने गरेका छन् ।

'गुणस्तर बीउको प्रयोग गरी बिरुवा तयार हुने भएकाले बजार खोज्न पर्दैन', उनि भन्छन, 'किसान आफैँ बारीसम्मै नगदमा बिरुवा खरिद गरेर लैजान्छन् ।'

परिवारका सबै सदस्य खेतीमा सघाउँछन् । श्रीमती र छोरा दुवै जनाले तरकारीखेती र नर्सरीको काममा साथ दिन्छन् । 'परिवारकै सदस्य मिलेर काम गर्दा खर्च घट्छ र आम्दानी बढ्छ', उनि भन्छन ।

बजार विस्तारसँगै उनले खेती आधुनिक बनाउन तालिमहरू पनि लिएका छन । कृषि ज्ञान केन्द्र र बेदकोट नगरपालिकाले आयोजना गरेको तालिमबाट उनले बीउ छनोट, माटो सन्तुलन, रोग–कीरा नियन्त्रण र आधुनिक खेती प्रविधि सिकेका छन् । 'तालिमले मलाई नयाँ सोच दियो, अहिले म अरू किसानलाई पनि सिकाउन सक्छु', उनि भन्छन । रानाको तरकारीखेतीप्रतिको लगाव देखेर कृषि ज्ञान केन्द्र र नगरपालिकाका तर्फबाट कृषि औजार र यन्त्रहरूमा अनुदान पनि पाएका छन् ।

भविष्यमा थप जग्गामा तरकारीखेती विस्तार गर्ने योजना बनाएका रानाले युवालाई कृषिप्रति आकर्षित हुन आग्रह गरेका छन् । 'युवाले वैदेशिक रोजगारी होइन, कृषि रोजे देश आत्मनिर्भर बन्छ', उनि भन्छन, 'मजदुर भएर काम गरेँ, अब म आफैँ रोजगार दिने किसान बनेको छु ।' रासस

# दृष्टिविहीन इन्द्रप्रसादको आत्मनिर्भर जीवन



**म्याग्दी।**
म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका–५ लेकफाँटका इन्द्रप्रसाद सुवेदीले दुवै आँखा देख्दैनन । आवाजको भरमा मान्छे चिन्ने गरेका छन । हिँडेर घरदेखि टाढा जान सहयोगीको आवश्यकता पर्छ ।

शारिरीक रूपमा अशक्त भए पनि इन्द्रप्रसादले कृषि फार्म सञ्चालन गरेर सफल उद्यमीको पहिचान बनाएा छन । कृषि फार्म सुरु गर्नुअघि इन्द्रप्रसादले रोजगारीका लागि १३ वर्ष कतार, साउदी र मलेसियामा श्रम र पसिना बगाए । विदेशमा सोचेजस्तो सफलता मिलेन ।

विदेशमा मेसिनरी उपकरणमा काम गर्ने क्रममा आँखाको दृष्टि गुम्यो । आँखामा समस्या देखिएपछि स्वदेश फर्किएका इन्द्रप्रसादले १० वर्षअघि कृषि फार्म स्थापना गर्ने योजना सुनाउँदा धेरैले विश्वास गरेनन् ।

'विदेशबाट फर्केर आएपछि मेरा आँखा बिग्रिए पनि हिम्मत हारिन', उनले भने, 'खेतालाहरूलाई आइडिया दिएर काम गराइरहेको छु ।' कृषि पेसाबाटै आत्मनिर्भर बनेका इन्द्रप्रसाद र उनकी श्रीमतीले सञ्चालन गरेको इन्द्रदेवी कृषि फार्मले पाँच जनालाई आंशिक रोजगारी दिएको छ । कृषि फार्मबाट भएको आम्दानीले घरव्यवहार चलाउने र छोरीलाई काठमाडौँमा विज्ञान विषयमा स्नातक तह अध्यापन गराएका छन ।

तरकारी बेचेर भएको आम्दानी उनले आँखाको उपचारमा खर्चिए पनि सफल भएका छैन । इन्द्रप्रसादका अनुसार आँखाको समस्या नै पहिचान नहुँदा ठूला अस्पताल र नेत्ररोग विषेशज्ञहरूकहाँ पुगे पनि उपचार सफल नभएको हो । इन्द्रप्रसादलाई कामदार खोज्न भौतारिनु पर्दैन ।

कामदार काम खोज्दै घरमै आउँछन् । घरवरपरको २० रोपनी पाखोबारीमा सुन्तला बगैँचा छ । हुर्कँदै गरेका सुन्तला बगैँचाभित्रको जमिनलाई सदुपयोग गरेर अन्तरेबालीको रूपमा बन्दा, काउली र अदुवाखेती गरेका छन । नजिकै ३० रोपनीमा व्यावसायिक आलुखेती गरेका छन ।

गत वर्ष चार लाख रुपैयाँ मूल्य बराबरको ८० क्विन्टल आलु बिक्री भएको इन्द्रप्रसादले बताए । मौसमी र बेमौसमी तरकारीबाट थप आम्दानी हुन्छ । भैँसी र बाख्रा पनि पालेका छन । गाउँमै कच्ची सडक पुगेको हुँदा उत्पादन भएको तरकारी बजार पुर्याउन समस्या छैन । फोनमार्फत माग सङ्कलन गरेर बेनी, कुश्मा र बागलुङका व्यापारीलाई तरकारी पठाउनुहुन्छ । व्यापारीले खातामै पैसा पठाउँछन् ।

शारीरिक रूपमा अशक्त भए पनि हिम्मत नहार्ने हो भने सफलता हात पार्न सकिने सन्देश इन्द्रप्रसादले दिनुभएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताए । 'आँट र साहस हुने तथा परिवारका सदस्यले साथ दिने हो भने व्यवसाय र उद्यम गर्न शारीरिक अशक्तता बाधक बन्दैन भन्ने उदाहरण इन्द्रप्रसाद छन', उनले भने, 'गाउँपालिकाले उनलाई खेतीका लागि प्राविधिक र आर्थिक सहयोग गरेको छ ।'

पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाले सुन्तलाखेतीका लागि बिरुवा खरिद, खाडल खन्न, उपकरण खरिद र पोखरी निर्माण गर्न ५० प्रतिशत अनुदान सहयोग गरेको उपाध्यक्ष आचार्यले बताए ।रासस

# ट्रम्पको आणविक परीक्षण आदेशले विश्वव्यापी तनाव

**अमेरिका।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आणविक हतियार परीक्षण सुरु गर्ने आकस्मिक निर्देशन जारी गर्नुभएपछि विश्वभर तीव्र प्रतिक्रिया र चिन्ता उत्पन्न भएको छ । यो निर्णयले नयाँ महाशक्ति प्रतिस्पर्धा र विश्व सुरक्षाको सन्तुलनमा गम्भीर असर पार्ने आशङ्का गरिएको छ ।

आफूलाई 'शान्तिप्रिय राष्ट्रपति' भएको दाबी गर्दै आउनुभएका ट्रम्पले दक्षिण कोरियामा चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको शिखर सम्मेलनमा सहभागी हुनुअघि नै सामाजिक सञ्जालमार्फत उक्त घोषणा गरेका थिए । तर उनको उक्त वक्तव्यले धेरै प्रश्नहरू खुला छोडेको छ — विशेषगरी, उनले केवल हतियार प्रणाली परीक्षणको आदेश दिनुभएको हो वा वास्तविक आणविक विस्फोट परीक्षण गरिन थालेको हो भन्ने कुरा अस्पष्ट छ । संयुक्त राज्य अमेरिकाले सन् १९९२ यताका तीन दशकदेखि कुनै पनि आणविक विस्फोट परीक्षण गरेको छैन ।

ट्रम्पको आदेशपछि अमेरिकाका प्रमुख आलोचक इरानले कडा आपत्ति जनाउँदै यसलाई 'अत्यन्तै प्रतिगामी र गैरजिम्मेवारपूर्ण कदम' भनेको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले सामाजिक सञ्जालमा लेख्दै भनेका छन, 'एक आणविक–सशस्त्र बदमाशीले आणविक हतियार परीक्षण पुनः सुरु गरेको छ, जबकि उही देशले इरानको शान्तिपूर्ण आणविक कार्यक्रममाथि दोषारोपण गर्दै आएको छ ।'

यसैबीच, जापानमा द्वितीय विश्वयुद्धका आणविक बम पीडितहरूको संस्था निहोन हिडान्क्योले टोकियोस्थित अमेरिकी दूतावासमा औपचारिक विरोधपत्र पठाएको छ । नोबेल शान्ति पुरस्कार विजेता उक्त समूहले एएफपीलाई पठाएको पत्रमा भनिएको छ, 'राष्ट्रपति ट्रम्पको निर्णयले आणविक हतियाररहित शान्तिपूर्ण संसारको दिशामा विश्वभर चलिरहेका प्रयासहरूलाई प्रत्यक्ष चुनौती दिएको छ । यो कार्य पूर्ण रूपमा अस्वीकार्य छ ।'

- **वैश्विक प्रतिबन्धको उल्लङ्घनको आशङ्का**

चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटपछि चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले अमेरिकालाई विश्वव्यापी आणविक परीक्षण प्रतिबन्ध सन्धिको 'गम्भीरतापूर्वक पालना गर्न' आग्रह गरे । चीन र संयुक्त राज्य अमेरिकाले पछिल्ला वर्षहरूमा आणविक परीक्षणमा रोक लगाए पनि रुस र अमेरिका दुवैले आणविक–सक्षम प्रणालीहरू समावेश गरी नियमित सैन्य अभ्यास जारी राख्दै आएका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आफ्ना उपप्रवक्तामार्फत वक्तव्य जारी गर्दै भनेका छन, 'कुनै पनि परिस्थितिमा आणविक परीक्षणलाई अनुमति दिन सकिँदैन ।' उनले यस कदमले विश्व शान्तिमा नयाँ सङ्कट उत्पन्न गर्ने चेतावनी दिए ।

संयुक्त राज्य अमेरिका सन् १९९६ देखि व्यापक आणविक–परीक्षण–प्रतिबन्ध सन्धिको हस्ताक्षरकर्ता राष्ट्र हो । उक्त सन्धिले नागरिक वा सैन्य उद्देश्यका सबै प्रकारका आणविक विस्फोट परीक्षणहरूलाई निषेध गर्दछ ।

यसबीच, अमेरिकी उपराष्ट्रपति जेडी भान्सले ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै भने, 'राष्ट्रपति महोदयको वक्तव्यले आफ्नै लागि बोल्छ । हामीसँग रहेको आणविक शस्त्रागार वास्तवमै प्रभावकारी रूपमा कार्यरत छ भन्ने सुनिश्चित गर्नु हाम्रो राष्ट्रिय सुरक्षाको एक अत्यावश्यक अंश हो ।' उनले परीक्षण आदेशबारे प्राविधिक विवरण खुलाउन अस्वीकार गरे ।ट्रम्पको उक्त निर्देशन रुसले केही दिनअघि मात्र आणविक–सक्षम र आणविक–सञ्चालित क्रुज मिसाइल तथा समुद्री ड्रोनको परीक्षण गरेको घोषणा गरेपछि आएको हो । ट्रम्पले यसअघि 'ट्रुथ सोसल' मा लेखेका छन, 'अन्य देशहरूले परीक्षण कार्यक्रम सञ्चालन गरिरहेका कारण मैले युद्ध मन्त्रालयलाई हाम्रो आणविक हतियारहरूको समान आधारमा परीक्षण सुरु गर्न निर्देशन दिएको छु ।' एजेन्सी

# झापा महिला गोल्डकप सोमबारदेखि

**बनियानी।**
'एलभिडी प्रथम झापा महिला गोल्डकप–२०८२ अन्तरराष्ट्रिय आमन्त्रण 'नकआउट फुटबल' प्रतियोगिता सोमबारदेखि सुरु हुने भएको छ ।

बङ्गालको खाडीमा विकसित चक्रवात 'मोन्था' को प्रभावले यहाँ वर्षा भइरहेकाले प्रतियोगिता दुई दिन ढिला हुन लागेको हो ।

यसअघि शिवसताक्षीस्थित दुधे रङ्गशालामा उक्त प्रतियोगिता शनिबारदेखि आरम्भ हुने तय भएको थियो । प्रतियोगिताका अध्यक्ष सन्तोष थोप्राका अनुसार प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको छ । उद्घाटन खेल नेपाल पुलिस क्लब र चर्च ब्वाइज युनाइटेडबीच हुनेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख १० हजार रुपैयाँ, उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछ ।

सर्वोत्कृष्ट खेलाडीलाई एक लाख ५० हजार रुपैयाँ र अन्य विधागततर्फका उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिने आयोजक समितिले जनाएको छ ।

प्रत्येक खेलको 'प्लेयर अफ दी म्याच'लाई १५ हजार रुपैयाँ प्रदान गरिने छ ।

प्रतियोगितामा त्रिभुवन आर्मी एफसी, एपिएफ एफसी, नेपाल पुलिस क्लब, सङ्कटा फुटबल क्लब, चर्च ब्वाइज युनाइटेड, झापा फुटबल क्लब, आरएस पोखरा फुटबल क्लब तथा भारत सिक्किमको सिग्लिङ स्पोर्टिङ क्लबले भाग लिने छन् ।रासस

# ‘प्रदेश स्वास्थ्य आपत्कालीन तयारी तथा प्रतिकार्य योजना’ निर्माण गरिँदै

**कर्णाली।**
विपद्का हिसाबले मुलुकको अत्यन्तै जोखिम मानिने कर्णालीमा ‘प्रदेश स्वास्थ्य आपत्कालीन तयारी र प्रतिकार्य योजना’ निर्माण गर्न थालिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडियोमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको आयोजना र स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेशको समन्वयमा उक्त प्रतिकार्य योजना निर्माण गर्न थालिएको हो । यसका लागि सुर्खेत वीरेन्द्रनगरमा तीन दिनसम्म हुने ‘प्रदेश स्वास्थ्य आपत्कालीन तयारी र प्रतिकार्य योजनासम्बन्धी कार्यशाला’ बिहीबारदेखि सञ्चालन भएको छ।

कार्यशाला उद्घाटन गर्दै कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले विपद्का लागि जोखिम न्यूनीकरण र प्रतिकार्यका लागि जनशक्ति र स्रोत आवश्यकता
औँल्याए।

कर्णालीको भूगोलअनुकूल विपद् प्रतिकार्यका लागि तत्काल खर्च गर्ने स्रोत जुटाउन कठिन हुने गरेको उनको भनाइ थियो।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय तालिमप्राप्त जनशक्तिहरू सङ्ख्यामा धेरै भए पनि प्रतिकार्यमा फिल्ड खटिने सङ्ख्या कम भएको टिप्पणी गर्दै मन्त्री भण्डारीले कार्यान्वयन हुने योजनाहरूको निर्माण र त्यसको रुपरेखा तयार कार्याशालाबाट सहयोग पुग्ने बताए।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहसचिव दिवस आचार्यले विपद् तथा प्रतिकार्यका लागि बनाइएको योजनालाई प्रदेशको मौलिकतामा अन्तिम रूप दिन विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागितामा कार्याशालाको आयोजना गरिएको बताए । डा अमृत पोखरेलले सातै प्रदेशको आफ्नो हावापानी र माटो सुहाउँदो प्रतिकार्य योजना तयारी गरी अन्तमा राष्ट्रियस्तरको योजना निर्माण कार्यान्वयनमा लैजाने बताए । कार्यशालामा स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतका जनस्वास्थ्य अधिकृत एवं विपद् सम्पर्क व्यक्ति किरण शर्माले कर्णालीमा भूकम्प, पहिरो, आगलागी, चट्याङलगायतका २१ विशिष्टिकृत विपद् र त्यसबाट उत्पन्न हुने खतराको नियन्त्रण, रोकथाम र प्रतिकार्य कसरी गर्ने भन्ने विषय समेटिएको आफ्नो प्रस्तुति राखे। उक्त प्रस्तुतिसँगै उनले विपद्जन्य घटनालाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने दस्तावेज तयार गरी त्यसलाई अन्तिम स्वरुप दिन छलफल गरिएको जनाए।

कार्याशालामा कर्णालीको विपद् जोखिम अवस्था, त्यसको न्यूनीकरण र प्रतिकार्य कसरी गर्ने भन्ने विषयमा समूह कार्य गरिएको थियो । जसमा सिङ्गो कर्णाली प्रदेशको परिचयका विषयमा डा रत्नवीर सुनार, प्रादेशिक सन्दर्भका बारेमा रितिजा रावल, संस्थागत स्वास्थ्य प्रणाली बारेमा जनस्वास्थ्य अधिकृत उमा डिसी र प्रादेशिक विपद् जोखिम विवरण डा जीवन परियारले प्रस्तुति राखे।

उक्त कार्यशालामा दशवटै जिल्लाका जनस्वास्थ्य तथा आयुर्वेद कार्यालयका प्रमुख, स्वास्थ्यसँग सम्बन्ध निकायका प्रमुख, नेपाली सेना, नेपाल तथा सशस्त्र प्रहरीलगायतका प्रमुख एवं प्रतिनिधिसहित सबै सरोकारवालाको सहभागिता रहेको थियो।रासस

# झिसमिसेदेखि साँझ अबेरसम्म काममा भेटिने श्रमिक अधिकृत

**मकवानपुर।**
बिहानको झिसमिसे उज्यालोमा बागमती गाउँपालिकाको केन्द्रतर्फको बाटोमा केही मानिसहरू बेल्चा र कोदालो बोकेर अगाडि बढिरहेका हुन्छन् । केहीको हातमा कोदालो, कोही ढुङ्गा उठाउँदै छन् र कोही हाँस्यौली अनुहारले एकअर्कालाई ‘शुभबिहानी’ भन्दै स्वागत गर्दैछन् । गाउँपालिका अध्यक्ष सर्केश घलानले सात वर्ष अगाडिदेखि चलाएका श्रमदानको अभ्यासलाई आत्मसात् गर्दै त्यसै भीडभित्र हिलोले छ्यापिएको जुत्ता र मुस्कानले झल्किएको अनुहारसहित देखिन्छन प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी। नेपालका अधिकांश सरकारी अधिकृतहरू कार्यालयको कुर्सीमा सीमित देखिन्छन्, तर दर्जी भने फरक ढङ्गले चिनिएका छन । हुन त बागमती गाउँपालिकाका अध्यक्ष आफ्नै चाडबाड बिदामात्र होइन बिहान ५:०० बजेदेखि रातको १२:०० बजेसम्म कि त पालिका या त कार्यस्थलमा भेटिनु विगत सात वर्षदेखिको दैनिकी नै भइसकेको छ, तर यहाँ प्रशासकीय अधिकृत भएर आएका दर्जीलाई पनि यही काममा भेट्दा भने स्थानीयको हौसला थप मजबुत भएको छ।

बिदा, बिहान र साँझ जुनसुकै समय होस्, दर्जी गाउँको विकासका हरेक काममा आफ्नै हातले घामपानी साटेर सहभागी बन्ने गरेका छन । गाउँका बूढाबूढीदेखि विद्यालयका बालबालिकासम्मले उनलाई अब ‘श्रमिक अधिकृत’ भनेर चिन्न थालेका छन् । मकवानपुरको बागमती गाउँपालिकामा अहिले मापदण्डअनुसारको खेलमैदान, पक्की सडक र साना पुल बनेका छन् । यी संरचना सरकारी ठेक्काले होइन, श्रमदानले बनेका हुन्।

गाउँपालिकाका अध्यक्षदेखि स्थानीय युवासम्म हरेक शनिबार बिहान बेल्चा बोकेर उपस्थित हुन्छन् । दर्जी र गाउँपालिकाका अध्यक्ष दुवै जनाले सामाजिक सञ्जालमा बिहानै ‘शुभबिहानी, आज पनि श्रमदानमा भेटौँ’ भन्ने सन्देश पठाउने गरेका छन यो सन्देशले श्रमदानमा स्थानीयलाई जुटाइरहेको छ । त्यो सन्देश पढ्ने बित्तिकै गाउँका युवादेखि महिला समूहसम्म काममा जुट्ने गरेको दर्जीको भनाइ छ । ‘श्रमदानले पैसाको भन्दा मनको एकता ल्याउँछ’, दर्जीको भनाइ हो, ‘यो विकासभन्दा पनि सामाजिक भावना निर्माणको अभ्यास हो।’

अधिकृत दर्जीका अनुसार कार्यालयमा कागजमा मात्रै हस्ताक्षर गरेर विकास हुँदैन, गाउँको माटोमा पसिना बगाउँदामात्र विकासको स्वाद आउँछ । ‘म आफ्नो पदको होइन, आफ्नो कामको जिम्मेवारीमा बाँधिएको छु’, उनि भन्छन , ‘बागमतीको माटोमा पसिना बगाउन पाउनु नै मेरो पुरस्कार हो।’

स्थानीय मुक्ति लामा भन्छन, ‘पहिले सरकारी कर्मचारी भनेपछि डर लाग्थ्यो, अब दर्जी सर आएपछि लाग्छ– कर्मचारी पनि हाम्रै साथी हुन्, हाम्रै गाउँको माटोमा पसिना बगाउने साथी ।’ उनका अनुसार श्रमदान अभियानले गाउँपालिकाको स्वरुप नै फेरिदिएको छ । पहिले धुलो र हिलोमात्र देखिने बाटो अहिले कालोपत्र भएको छ । खेतका छेउमा खेलमैदान, खोलामा पुल र सामुदायिक भवन निर्माण भएका छन् । लामाका अनुसार दर्जीको हरेक कुरा, हरेक शब्दमा अनुभव, जिम्मेवारी र सेवाको भावना मिसिएको महसुस हुन्छ।

**सुनापतिबाट सुरु भएको यात्रा**
रामेछाप जिल्लाको सुनापति गाउँपालिकाको दुर्गम सानो गाउँमा जन्मेर हुर्कएका ओमबहादुर दर्जीको जीवनयात्रा पनि गाउँको बाटोझै धुलाम्मे तर दृढ छ । परिवारलाई वर्षमा पाँच–छपटक मात्र भेट्ने उनको अधिकांश समय कार्यालय र श्रमदानमा नै बित्ने गरेको छ । विसं २०६९ फागुन २० गते उनले लोकसेवा आयोग नारायणी अञ्चल कार्यालय हेटौँडाबाट खरिदार पदमा सरकारी सेवा सुरु गरे।

बाराको इनर्वासिरा र तेतरिया गाविसमा सचिवका रूपमा काम गर्दा उनले गाउँगाउँका समस्या नजिकबाट देखे । विसं २०७२ पुस १ गतेदेखि उनले सर्वोच्च अदालतमा नायबसुब्बाको जिम्मेवारी पाए । तर कार्यालयको चमकदार कुर्सीभन्दा पनि उनलाई गाउँको माटो मन पर्यो, त्यसैले २०७४ साल मङ्सिर २५ गते शाखा अधिकृत बनेपछि उनले प्रशासनलाई व्यवहारसँग जोड्ने प्रण गरे । विसं २०७५ साल साउन ८ गतेदेखि ओखलढुङ्गाको लिखु गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा जिम्मेवारी सम्हालेको उनले बताए।

ओखलढुङ्गामा उनले सामुदायिक विद्यालयमा छात्रवृत्ति पारदर्शी बनाउनेदेखि गाउँकै युवासँग सडक निर्माणमा सहभागिता बढाउने अभियान चलाउँदा आनन्द मिलेको बताए । त्यसपछि चिसङ्खुगढी गाउँपालिकामा काम गर्दा स्थानीय बासिन्दासँगै पहिलोपटक ‘श्रमदानले सडक बन्छ’ भन्ने अवधारणा व्यवहारमा उतारेको उनि सम्झन्छन । विसं २०७८ मङ्सिर ५ गते सिन्धुलीको मरिण गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत बनेर त्यहाँ पनि श्रमदानको परम्परा स्थापित गरेको उनको भनाइ छ।

उनि भन्छन, ‘श्रमदानमा रमाउने मलाई श्रमदानबाटै धेरै विकास निर्माण भइरहेको पालिकामा काम गर्न पाउँदा थप हौसला र जोश मिलेको छ।’ विसं २०८१ असोज ४ गतेदेखि मकवानपुरको बागमती गाउँपालिकामा आएपछि यो अभियानमा जुटेको उनि बताउछन।

**‘सेवाग्राही हाम्रा भगवान् हुन्’**
दर्जी कार्यालयमा पनि उत्तिकै व्यवस्थित र अनुशासित रहनुहुने पालिका अध्यक्ष घलानको भनाइ छ। उनका अनुसार दर्जीको टेबलमा सधैँ एउटा नोट लेखिएको हुन्छ– ‘सेवाग्राही हाम्रा भगवान् हुन्।’

दर्जीका अनुसार प्रशासन भनेको जनता र सरकारबीचको पुल हो, जसलाई पारदर्शिता, संवेदना र उत्तरदायित्वले मात्र मजबुत बनाउन सकिन्छ। ‘सेवा लिन आउने नागरिक हाम्रा मालिक हुन् । सकेसम्म हरेक सेवाग्राहीलाई काम लिएर खुसीसाथ फर्काउन पाए सन्तोष मिल्छ’, उनले भने।

दर्जीले सेवाग्राहीसँग सधैँ आत्मीय व्यवहार गर्ने सेवाग्राहीहरूको भनाइ छ । बागमती गाउँपालिकामा नागरिकता, जग्गा दर्ता, कर तिर्ने प्रक्रिया सजिलो भएको स्थानीय बताउँछन् । अन्य कर्मचारीहरू पनि उनिसँगै बिहान सबैरै कार्यालय पुग्छन् । ‘हाम्रो हाकिमले बिदामा पनि काम गर्नुहुन्छ भने हामी किन पछि पर्नु ?’, एक कर्मचारीले हाँस्दै भने।

जनताको सरकार, जनताको हातबाट
दर्जी र गाउँपालिकाका अध्यक्षको सहकार्यले अहिले बागमती गाउँपालिकामा ‘जनताको सरकार’ भन्ने वाक्यांश अर्थपूर्ण बनेको छ । गाउँपालिकाले स्थानीय स्रोत परिचालन गरेरमात्र होइन, जनताको श्रम र सहभागिताबाट काम सम्पन्न गर्ने अभ्यास सुरु गरेको छ।

साना पुल, खानेपानीका पाइप लाइन, पर्खाल र विद्यालयको शौचालय निर्माण सबै श्रमदानकै बलमा सम्भव भएका छन् । स्थानीय युवा विवेक सिन्तान भन्छन, ‘दर्जी सर हामीसँगै कोदालो चलाउनुहुन्छ, उनि हाकिम होइन, साथी हो, जब उहाँ हामीसँगै पसिना बगाउनुहुन्छ, तब हामी पनि काम गर्न उत्साहित हुन्छौँ।’

सिन्तानका अनुसार कार्यालयमा हाकिम नियमित र सबैरै आएमा अन्य कर्मचारी पनि उत्तिकै जिम्मेवार बन्ने रहेछ भनेर थाहा पाउन बागमती गाउँपालिका हेरे पुग्छ । श्रमदानले गाउँको एकता बलियो बनाएको सिन्तानको भनाइ छ । पहिला जात, समुदाय र विचारमा विभाजित गाउँ अहिले एउटै उद्देश्यमा जोडिएको बताउँदै उनले गाउँ आफैँ बनाउने अभियानमा लागेका कारण जेन्जी आन्दोलनमा पनि पालिकाका संरचना सुरक्षित भएको हो।

**श्रम र सेवामा समर्पण**
बागमतीका गाउँमा पसिना बगाउने किसानमात्रै देखिन्थे, अहिले त्यही माटोमा सरकारी अधिकृतदेखि जनप्रतिनिधिसम्म उभिएका देखिन्छन् । त्यो दृश्य हेर्दा लाग्छ– विकासको असली बाटो यन्त्र होइन, मानवको श्रम र भावना हो । दर्जीले देखाएको उदाहरणले अहिले अन्य गाउँपालिकाका कर्मचारी पनि प्रेरित भएका छन् । कसैले सडकमा झार उखेलेर सुरु गर्छन्, कसैले विद्यालयमा रङरोगन गर्छन् । श्रमदान अब सरकारी आदेश होइन, स्थानीय गौरव बन्न थालेको छ।

नेपालजस्तो देशमा जहाँ स्रोत सीमित छन्, त्यहाँ ओमबहादुर दर्जीजस्ता अधिकृतहरू नै असली राष्ट्रसेवक हुन् । बागमती गाउँपालिकाले प्रमाणित गरेको छ– ‘देश विकासका लागि ठूलो बजेट होइन, साँचो निष्ठा र लगन चाहिन्छ ।’ बागमती गाउँपालिकामा रङ्गशाला, कुलो, सडक, पुललगायत थुप्रै भौतिक पूर्वाधारसँग सम्बन्धित संरचनादेखि लिएर वृक्षारोपणलगायत कार्यहरू श्रमदानबाट निर्माण भएको बताइएको छ।रासस

# सिँचाइ आयोजना मुआब्जा वितरणमा सकस



**महेन्द्रनगर।**
कञ्चनपुर र कैलालीको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्याउने लक्ष्यसहित १८ वर्षअघि सुरु गरिएको महाकाली सिँचाइ आयोजना तेस्रो चरणको प्रगति २७ प्रतिशतमा सीमित छ।

बजेट अभाव, जग्गा मुआब्जा वितरणमा सकस र रुख कटानलगायत विविध कारणले सिँचाइ आयोजनाको प्रगति सोचेअनुरूप हुन नसकेको हो । तर पछिल्ला केही वर्षयता आयोजनालाई सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा स्तरोन्नति गरेयता भने कामले तीव्रता पाएको महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सिडीई राजेशभक्त पोखरेलले जानकारी दिए।

‘राष्ट्रिय गौरवको आयोजनामा समाहित हुनुअघि मूल नहर निर्माणको प्रगति कम थियो’, सिडीई पोखरेलले भने, ‘अहिले कैलालीको मालाखेतीसम्म १९ किलोमिटर मूल नहर निर्माण चारवटा प्याकेजमा भइरहेको छ ।’ चार प्याकेजको मूल नहर निर्माणका लागि एक अर्ब ९७ करोड रुपैयाँको ठेक्का सम्झौता गरिएको छ । करिब दुई वर्षअघि गरिएको ठेक्का सम्झौता समयमा नसकिने भएपछि चारवटै प्याकेजमा पहिलोपटक केही समयअघि म्याद थपसमेत गरिएको छ।

आर्थिक वर्ष २०८२÷८३ को बजेट प्रस्तुत गर्दै महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको कार्य तीन वर्षभित्र पूरा गर्ने लक्ष्य सरकारको छ । आव २०६३÷६४ देखि महाकाली सिँचाइ तेस्रो चरणको आयोजना सुरु भएको हो भने आव २०७६÷७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश सरकारले गरेको थियो । हालसम्म मूल नहरअन्तर्गत ब्रह्मदेव (जिरो प्वाइन्ट)देखि यहाँको शुक्लाफाँटा नगरपालिकाको फुलेलीसम्म २८.८ किलोमिटर मूल नहर निर्माण भइसकेको सिडीई पोखरेलले जानकारी दिए।

भारतीय पक्षले पनि टनकपुरदेखि नेपाल–भारत सिमानासम्म महाकाली सन्धिअनुसार बनाउनुपर्ने एक हजार २०० मिटर मूल नहर निर्माण गरिसकेको छ । दशकौं समय पर्खेर भारतीय पक्षबाट सिमानासम्म नहर र हेडरेगुलेटरलगायतका संचना तयार गरिए पनि निर्माण सम्पन्न भएको क्षेत्रसम्म पानी दिन भारतीय पक्ष सकरात्मक देखिएको छैन।

‘मूल नहर तयार भएको फुलेलीसम्म पानी बगाउन कुनै समस्या छैन, पाँच–सातवटा शाखा नहरसमेत निर्माण गरिएको छ’, पोखरेलले भने, ‘पानीका लागि पटकपटक ताकेता पनि भएको छ ।’ उनले हालसम्म आयोजनाको प्रगति २७ प्रतिशत पुगेको बताउँदै हालसम्म आयोजनामा नौ अर्ब रुपैयाँलगानी भइसकेको जानकारी दिए।

करिब दुई वर्षअघि मालाखेतीसम्म चारवटा प्याकेजमा मूल नहर निर्माण भइरहेको छ । ‘मुआब्जा निर्धारणमा स्थानीयको असन्तुष्टि, जग्गाको समस्या र रुख कटानको अल्झनलगायतका कारणले कामले गति धेरै लिन सकेन’, उनले भने, ‘पछिल्लो समय आयोजनाका लागि बजेट अभावको समस्या भने छैन ।’ आयोजनाअन्तर्गत महाकाली नदीमा पानी सिँचाइका लागि कैलालीको मालाखेती, कञ्चनपुरको दक्षिणी क्षेत्र त्रिभुवनबस्ती, गुलरिया र दोधारा चाँदनी पुर्याइनेछ । त्यसका लागि कुल एक सय ५१ किलोमिटर नहर निर्माण गर्नुपर्ने हुन्छ।

आयोजना कार्यालयले आगामी २०८७ सम्म कैलालीको मालाखेतीसम्मको नहर निर्माण सक्ने लक्ष्यका साथ अघि बढेको जनाएको छ । कञ्चनपुरमा मात्रै कुल खेतीयोग्य जमिन एक लाख ६१ हजार ७४१ हेक्टर छ । त्यसमध्ये ५९ हजार ६०२ हेक्टर अर्थात् ३६ प्रतिशत जमिनमा खेती हुन्छ । यहाँ २९ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाइ सुविधा उपलब्ध छभने यहाँ किसानले अकासे पानीका भरमा पनि खेती गनुपर्ने बाध्यता विद्यमान छ।

महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिचाँइ सुविधा पुगेको छ । पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त र बेदकोट नगरपालिकाका साथै दक्षिण क्षेत्रमा रहेको बेलडाँडी गाउँपालिकासम्म सिचाँइ सुविधा पुगेको थियो।रासस


## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.
### बिरगंज १५,पर्सा

**कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना**

**प्रकाशित मिति :- २०८२/०७/१५ दोस्रो पटक**

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०७/१५ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना दोस्रो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामबिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घरघरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : दिपक राज सिंह<br>पत्नी :<br>बुवा : विरेन्द्र प्रसाद सिंह<br>बाजे : जगरनाथ सिंह<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री जगरनाथ सिंह को नाती विरेन्द्र प्रसाद सिंह को छोरा दिपक राज सिंह पर्सा जिल्ला चोर्नी वडा नं. ८ बस्ने ना.प्रा. नं. ३४-०१-७१-०१४६४ मिति २०७१/०२/१३ पर्सा वर्ष २८ को दिपक राज सिंह को नाममा एकलौटी दर्ता कायम भएको बारा जिल्ला भवानीपुर जितपुर वडा नं. ०३ स्थितको किता नं. ८७२६ को जग्गाको क्षेत्रफल ०-१-३-४ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : जनक राम हरिजन<br>पत्नी : लक्ष्मीनिया देवी<br>बुवा : लछुमन महरा चमार<br>बाजे : भुखल महरा चमार<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री भुखल महरा चमार को नाती लछुमन महरा चमार को छोरा जनक राम हरिजन पर्सा जिल्ला पचरुखी वडा नं. ०५ बस्ने ना.प्रा.नं. ३५२/६७६३११७२ मिति २०४४/१२/२४ पर्सा बर्ष ५३ को जनक राम हरिजन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला पचरुखी वडा नं. ४ स्थितको किता नं. २५८ को जग्गाको क्षेत्रफल ०-४-१० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : सकुर मिया अंसारी<br>पत्नी : जलेखा खातुन<br>बुवा : जहुर मिया<br>बाजे : मगरु मिया<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री मगरु मिया को नाती जहुर मिया को छोरा सकुर मिया अंसारी पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ९ बस्ने ना.प्रा.न ८११६१९४८ मिति २०४६/१२/०१ पर्सा बर्ष ५८ को सकुर मिया अंसारी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ९ स्थितका किता नं. १५५ को जग्गाको क्षेत्रफल ७५५.३५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : जलेखा खातुन<br>पति : सकुर मिया अंसारी<br>बुवा : हलिम मिया<br>ससुरा :जहुर मिया<br>**कर्जा शिर्षक :व्यपार कर्जा** | श्री जहुर मिया को बुहारी सकुर मिया अंसारी को श्रीमति जलेखा खातुन पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ९ बस्ने ना.प्रा.न ८११६२०७८ मिति २०५३/०३/०३ पर्सा बर्ष ५४ को जलेखा खातुन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा नं. ३ र ९ स्थितको किता नं.३०० र १५४ को जग्गाको क्षेत्रफल ०३०४७.६७ र ०००८४.६५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

✆-०५१-५९१५३४,९८२१८५३८३०
✉-kohinoorsahakari@gmail.com

# सूचना तथा प्रसारण विभागबाटै अनलाइन दर्ता र नवीकरण शुरु

**काठमाडौँ ।**
सरकारले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण सूचना तथा प्रसारण विभागबाटै शुरु गरेको छ ।

छापाखाना र प्रकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली स्वीकृत गर्दै सरकारले विभागबाटै अनलाइन न्यूज पोर्टल दर्ता तथा नवीकरण अब पुरानै व्यवस्थाअनुसार सूचना तथा प्रसारण विभागबाट गर्ने व्यवस्था मिलाएको हो ।

बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले यो नियमावली स्वीकृत गरेपछि शुक्रबार नेपाल राजपत्रमा प्रकाशित भएको छ । विभागले सूचना प्रकाशित गरेर अनलाइन सञ्चारमाध्यम सञ्चालनसम्बन्धी दर्ता र नवीकरण शुरु भएको जनाएको छ ।

विभागका महानिर्देशक उदयबहादुर राना मगरले छापाखाना र प्रशासनसम्बन्धी संशोधित नियमावली राजपत्रमा प्रकाशित भएसँगै विभागले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण प्रक्रिया शुरु गरेको जानकारी दिए । उनका अनुसार यसअघि ऐनले स्थानीय अधिकारी तोकेकामा प्रमुख जिल्ला अधिकारीमार्फत गनुपर्ने व्यवस्था रहेकामा व्यवस्थाबमोजिम विभागको महानिर्देशकलाई स्थानीय अधिकारी तोकिएको छ । सोहीअनुसार छापाखाना तथा प्रकाशन दोस्रो संशोधन भएसँगै विभागबाटै दर्ता र नवीकरण हुने भएको हो ।

योसँगै लामो सयमदेखि दर्ता र नवीकरण रोकिएका अनलाइन सञ्चारमाध्यमलाई सहज भएको छ । अनलाइनमार्फत नै दर्ता र नवीकरण गर्न सकिने र प्रमाणपत्र लिनुपरेमा विभागमा भौतिक रुपमा उपस्थित हुनुपर्ने विभागले उल्लेख गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको विशेष सक्रियतामा अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणलाई विभागबाटै हुनेगरी सहजीकरण गरिएको हो । नेपाल राजपत्रमा विसं २०८२ कात्तिक १३ मा प्रकाशित सूचनाअनुसार नेपाल सरकारले छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ जारी गरेको छ । नियमावलीमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ । अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणका लागि विभागको सूचना व्यवस्थापन प्रणालीमा लगइन गरी आवेदन दिन सकिनेछ ।

ऐनको दफा ७ (ख) बमोजिम अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने संस्थाले त्यस्तो सञ्चारमाध्यम दर्ता गर्नका लागि पाँच हजार रुपैयाँ दस्तुरसहित अनुसूची ८ (क) बमोजिमको ढाँचामा स्थानीय अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ । यस्तै अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र नवीकरण गराउन चाहने संस्थाले प्रमाणपत्र बहाल रहने अवधि भुक्तान नहुँदै दुई हजार ५ सय रुपैयाँ दस्तुरसहित आवश्यक कागजपत्रका साथ नवीकरणका लागि निवदेन दिनुपर्नेछ ।नेपाल राजपत्रमा गत साउन ४ गते प्रकाशित छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को संशोधनअनुसार दफा ७ मा (ख) थप गरी अनलाइन सञ्चारमाध्यम दर्ता गर्न दस्तुर लिने व्यवस्था छ । सञ्चारमन्त्री खरेलले दस्तुरका सम्बन्धमा आजै कानूनी रायसमेत लिएको र नियमावलीमा व्यवस्था भएको दस्तुर घटाउनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए ।

अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणका लागि आवश्यकपर्ने कागजातका लागि विभागको वेबसाइटमा राखिएको छापाखाना र प्रकाशनसम्बन्धी दोस्रो संशोधन नियमावली, २०८२ मा भएको व्यवस्था, तथा सोही व्यवस्थाका आधारमा तयार पारिएको चेक लिस्टबाट जानकारी लिन पनि विभागले अनुरोध गरेको छ ।

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ लाई संशोधन गरी छापाखाना र प्रवकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ जारी भएको हो । छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियम बनाएको छ । यस नियमावली बमोजिम दर्ता नभई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन ।

अनलाइन दर्ताका लागि निवेदन दिन आवश्यक संलग्न कागजात संस्था दर्ता प्रणाणपत्रको प्रतिलिपि, अनलाइन पत्रिका, ई–म्यागजिन, न्युजपेपर, न्युजपोर्टल सञ्चालन गर्ने उद्देश्य उल्लेख भएको प्रवन्धपत्र तथा नियमावली वा संस्थापनसँग सम्बिन्धत कागजातको प्रतिलिपि समावेश गर्नुपर्ने छ ।

प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालमा रहेका पत्रपत्रिका, टेलिभिजन, रेडियो र एफएम रेडियोले अनलाइन सञ्चारमाध्यम दर्ता गर्न चाहेमा आफ्नो नामको डोमेनबाट मात्र अनलाइन सञ्चारमाध्यम दर्ता गर्नु पर्नेछ । अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने संस्थाको सम्पादकसहित कम्तीमा तीनजना कर्मचारीको दरबन्दी हुनु पर्नेछ र एउटै व्यक्ति एकभन्दा बढी अनलाइन सञ्चारमाध्यमको सम्पादक हुन पाउने छैन ।

यो नियम प्रारम्भ हुनुअघि दर्ता भई सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यम यस नियमबमोजिम पुनःदर्ता हुनुपर्ने छैन । नियमबमोजिम जारी भएको अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्रको बहाल अवधि एक आर्थिक वर्षको हुनेछ ।

अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामग्री सुरक्षित राख्नु अनलाइन सञ्चारमाध्यम सञ्चालकको दायित्व हुनेछ । सम्बन्धित अनलाइन सञ्चारमाध्यमले प्रयोगकर्ताको डाटाको गोपनीयतासम्बन्धी नीति प्रकाशन गर्नुपर्ने नियमावलीमा उल्लेख गरिएको छ ।रासस

# तीन महिनामा २ अर्ब ४२ करोड राजस्व संकलन

**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो तीन महिनामा करिब २ अर्ब ४२ करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय, जनकपुरधामका अनुसार साउनदेखि असोज महिनासम्मको अवधिमा कुल २ अर्ब ४२ करोड ६४ लाख १४ हजार ६ सय ३९ रुपैयाँ राजस्व उठाइएको हो । साउन महिनामा २७ करोड ८ लाख ७० हजार ४ सय ९, भदौमा १ अर्ब १३ करोड ३० लाख ३० हजार १ सय ९२ र असोजमा १ अर्ब २ करोड २५ लाख १४ हजार ३८ रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ ।

लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार राजस्व विभिन्न २४ शीर्षकअन्तर्गत संकलन गरिएको हो । पहिलो दुई महिनामा १ अर्ब ४० करोड ३९ लाख रुपैयाँ राजस्व उठाइएको थियो भने असोज महिनामा मात्र करिब १ अर्ब २ करोड रुपैयाँ संकलन भएको हो ।

कर्णका अनुसार, मधेश प्रदेश सरकारलाई सबैभन्दा ठूलो हिस्सा बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर बाट आएको हो। उक्त शीर्षकअन्तर्गत तीन महिनामा १ अर्ब २३ करोड ७७ लाख ४५ हजार ६ सय १६ रुपैयाँ संकलन भएको छ ।

त्यस्तै, अन्त शुल्कबाट ४५ करोड १४ लाख ५७ हजार २ सय ७३ रुपैयाँ, सवारी दर्ता तथा चालक अनुमति पत्र सम्बन्धी दस्तुरबाट १३ करोड ४४ लाख ८१ हजार ३ सय ९ रुपैयाँ, र सवारी साधन करबाट ५० करोड २३ लाख ८९ हजार ७ सय ८४ रुपैयाँ उठाइएको छ ।

यसका अतिरिक्त, व्यवसाय दर्ता दस्तुरबाट १ करोड १५ लाख ७ हजार १७५, यातायात क्षेत्रको आम्दानीबाट २ करोड ६५ लाख ८७ हजार ८ सय ४०, र वन क्षेत्रको रोयल्टीबाट १ करोड ३३ लाख ९५ हजार १ सय ४३ रुपैयाँ राजस्व संकलन भएको छ ।

त्यस्तै, कृषि उत्पादनको बिक्रीबाट १३ लाख २४ हजार ७६१ र बेरुजु फिर्ता शीर्षकमा १ करोड ५३ लाख ७१ हजार ७८ रुपैयाँ राजस्व प्राप्त भएको लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

कर्णका अनुसार, राजस्वका प्रमुख स्रोतहरूमा बाँडफाँड हुने कर र अन्त शुल्क), शिक्षा क्षेत्रको आम्दानी, विज्ञापन कर, सरकारी सम्पत्तिको बिक्री र न्यायिक दस्तुर लगायतका शीर्षकहरू रहेका छन् । मधेश सरकारले चालु आर्थिक वर्षको पहिलो तिमाहीमा लक्ष्यअनुसार राजस्व संकलनमा उल्लेखनीय सुधार देखिएको कार्यालयले जनाएको छ ।

# जनकपुरधाममा सामा–चकेवा मूर्तिकला कार्यशाला



**जनकपुरधाम ।**
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोषको संयुक्त आयोजनामा 'सामा–चकेवा मूर्तिकला निर्माण कार्यशाला' शुक्रबारदेखि जनकपुरधाममा शुरु भएको छ । कार्यक्रमको उद्घाटन कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा तथा इङ्गल्यान्ड निवासी मधेश विषयका अनुसन्धानकर्ता माइकल हट्टको प्रमुख आतिथ्यमा सम्पन्न भयो । कार्यशालामा सामा–चकेवा पर्वको सांस्कृतिक र कलात्मक महत्त्व, त्यसको सामाजिक सन्देश, र नयाँ पुस्तालाई परम्परागत मिथिला कला र संस्कृतिसँग कसरी जोड्ने भन्ने विषयमा विस्तृत छलफल गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माइकल हट्टले मिथिला क्षेत्रको सांस्कृतिक समृद्धि र सामा–चकेवा पर्वले पारिवारिक तथा सामाजिक सम्बन्ध सुदृढ बनाउन खेलेको भूमिकाबारे प्रकाश पारे । उनले यो पर्व र यससँग सम्बन्धित कलालाई अन्तर्राष्ट्रिय स्तरमा मिथिला सभ्यताको सांस्कृतिक प्रतीकका रूपमा चिनाउन सकिने सम्भावना रहेको उल्लेख गरे । कार्यशालामा स्थानीय कलाकार, विद्यार्थी, अनुसन्धानकर्ता र संस्कृतिविद्हरूको सहभागिता रहेको आयोजक समितिले जनाएको छ।

# जनमतकी पासवान लुम्बिनी प्रदेशसभा सदस्य



**लुम्बिनी ।**
जनमत पार्टीकी नवनिर्वाचित प्रदेशसभा सदस्य निलम पासवानले शुक्रबार शपथ ग्रहण गरेकी छन्।

लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्ती मगरले प्रदेशसभा सचिवालयमा पासवानलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । जनमत पार्टीका संसदीय दलका नेता चन्द्रकेश गुप्ताका अनुसार शपथ ग्रहणपछि पासवान औपचारिक रूपमा प्रदेशसभा सदस्यको जिम्मेवारीमा प्रवेश गरेकी छन् ।

पूर्व प्रदेशसभा सदस्य गीता गुरुङले पदबाट राजीनामा दिएपछि निर्वाचन आयोगले दलित कोटा अन्तर्गत बन्दसूचीबाट पासवानलाई मनोनीत गरेको थियो ।

रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका निवासी पासवान जनमत पार्टीकी सक्रिय महिला नेतृ हुन् । जनमत पार्टीका अनुसार लुम्बिनी प्रदेशसभामा हाल पार्टीका तीन जना प्रतिनिधि रहेका छन् ।

# छ लाख ६० हजार सदस्यबाट प्रतिनिधि चयन हुने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनका लागि छ लाख ६० हजार सङ्गठित सदस्यबाट प्रतिनिधि चयन हुनेछन् ।

एमाले सङ्गठन विभाग प्रमुख काशीनाथ अधिकारीले महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्ने ती सङ्गठित सदस्यले २०८२ चैत मसान्तसम्म सदस्यता नवीकरण गरिसकेको बताए । उनले भने,'हामीले सबै सङ्गठित सदस्यको प्रमाणीकरण गर्ने काम अन्तिम चरणमा पु¥याएका छौँ ।

करिब छ लाख ६० हजार सङ्गठित सदस्यबाट नै प्रतिनिधि छनोट हुनेछन् ।'
भोलि बस्ने सचिवालय बैठकले सङ्गठित सदस्यबाट प्रतिनिधि छनोट गर्ने मापदण्ड बनाउने विभाग प्रमुख अधिकारीले जानकारी दिए ।

यसअघि पार्टीको १०औँ महाधिवेशनका लागि आठ लाख ५० हजार सङ्गठित सदस्यबाट प्रतिनिधि छनोट गरिएका थिए । एमालेको ११औँ महाधिवेशन आगामी मङ्सिर २७ देखि २९ गतेसम्म पोखरामा तोकिएको छ ।रासस

# आयोग खारेजी निर्णय कार्यान्वयन नगर्न दिएको आदेशलाई निरन्तरता

**काठमाडौँ ।**
सर्वोच्च अदालतले भूमि समस्या समाधान आयोग खारेज गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ ।

न्यायाधीशद्वय कुमार रेग्मी र शान्तिसिंह थापाको बिहीबारको इजलासले उक्त आयोग खारेज गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको हो ।

यसअघि, न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सरकारको आयोग खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको थियो ।

आदेशमा भनिएको छ, 'यस अदालतबाट २०८२ कात्तिक ११ गतेमा भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ, प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तुको सुनुवाइ यथाशीघ्र हुनुपर्ने प्रकृतिको देखिँदा सो प्रयोजनका लागि पेसी स्थगन गर्न नपाउने गरी आगामी मङ्सिर १४ पेसी तोकी दिएको छ ।'

न्यायाधीश पोखरेलको इजलासले विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत आदेश गरेको थियो ।

अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्षलाई छलफलका लागि बिहीबार बोलाएको थियो । शुक्रबार सार्वजनिक भएको आदेशमा अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ ।

आयोगका अध्यक्ष हरिप्रसाद रिजालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत विपक्षी बनाई मन्त्रिपरिषद्ले गत असोज २३ गते भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने निर्णय खारेज गर्न माग गर्दै रिट निवेदन दायर गरेका थिए ।

# राहदानी रोक्का र स्थान हदविरुद्ध लिखित जवाफ माग

**काठमाडौँ ।**
सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखकलगायतको राहदानी रोक्का र काठमाडौँ उपत्यका बाहिर जान नपाउने गरी स्थान हदका सम्बन्धमा १५ दिनभित्र लिखित जवाफ माग गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले शुक्रवार उक्त विषयमा परेको रिट निवेदनमा प्रारम्भिक सुनुवाइपछि कारण देखाउ जारी गर्दै सरकारसँग लिखित जवाफ माग गरेको हो । अधिवक्ता डा प्रेमराज सिलवालद्वारा यही कात्तिक १२ गते दायर गर्नुभएको थियो । रिट निवेदनमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकलगायतमाथि गैरकानूनी कार्य, आदेश र पत्रहरू खारेज गरी संवैधानिक र कानूनी अधिकारको संरक्षण गर्न अन्तरिम आदेशको माग गरिएको थियो, तर अन्तरिम आदेश भने जारी भएन ।

गत भदौ २३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोगले पूर्वप्रधानमन्त्री ओली, पूर्वगृहमन्त्री लेखकसहित पाँच जनाको राहदानी रोक्का गर्न दिएको सिफारिसबमोजिम सरकारले स्थान हद तोक्ने र राहदानी रोक्का गर्ने निर्णय गरेको थियो ।

आयोगले पूर्वप्रधानमन्त्री ओली, पूर्वगृहमन्त्री रमेश लेखकसहित तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन मुख्य निर्देशक हुतराज थापा र काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजालको राहदानी रोक्का गर्न सिफारिस गरेको थियो ।रासस

# रेशम चौधरीको चेतावनीः रोकिए देशमा चुनाव हुन सक्दैन

**काठमाडौँ ।**
नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशमलाल चौधरीले आफूलाई निर्वाचनमा भाग लिन नदिए मुलुकमा चुनाव नै हुन नसक्ने चेतावनी दिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले शुक्रबार काठमाडौँमा आयोजना गरेको कार्यक्रममा बोल्दै चौधरीले आफू, लक्ष्मण थारु र धनिराम थारुलाई निर्वाचनमा सहभागी हुन रोक्ने प्रयास भयो भने त्यसको गम्भीर परिणाम हुने बताए ।



उनका अनुसार, थारु समुदायले विगतमा गरेको आन्दोलन र विद्रोहलाई पन्छाएर कुनै पनि लोकतान्त्रिक प्रक्रिया अगाडि बढाउन नसकिने हो । उनले भने, 'हामी थारु समुदायको आवाज हौँ । यदि रेशम थारु, लक्ष्मण थारु र धनिराम थारुलाई चुनावमा भाग लिन दिइएन भने यो देशमा चुनाव नै हुँदैन । सिंगो समुदायलाई बेवास्ता गरेर कसरी चुनाव हुन्छ ?'

चौधरीले राज्यले कुनै पनि समुदायको अधिकार र प्रतिनिधित्वलाई दबाउने हो भने त्यसले स्थायित्वभन्दा अस्थिरता निम्त्याउने चेतावनीसमेत दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन